मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

मजदुर
The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ३३ ★ ने. सं. ११४४ शिल्ला गा, प्रतिपदा ★ शनिबार ★ १३ फागुन, २०८० ★ February 25, 2024, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

# महिला स्वास्थ्य र शिक्षा क्षेत्रमा आमा समूहको ध्यान केन्द्रित हुनुपर्ने




भक्तपुर, १२ फागुन । नेपाल मजदुर किसान पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा शनिबार भक्तपुर नगरपालिका वडा नं. ७ महिला समूहको आयोजनामा महिला भेला भयो ।

भेलामा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले अध्ययनमा अब्बल छात्राहरूलाई अभिभावकहरूको चेतनाको अभावको कारण चाँडै विवाह गरिदिँदा समाज पछाडि पर्न गएको धारणा राख्दै महिला शिक्षित, दीक्षित र स्वस्थ भए परिवार तथा समाज नै स्वस्थ हुने बताउनुभयो ।

समाज परिवर्तनमा महिलाको भूमिका महत्त्वपूर्ण हुने भएकोले महिलाहरूलाई हुने विभिन्न स्वास्थ्य समस्याबाट मुक्त गर्न सबै आमा समूह र समाज नै एकताबद्ध भई लाग्नु आवश्यक छ, उहाँले भन्नुभयो ।

अध्यक्ष बिजुक्छेँले बिचमा पढाइ छोडेर बसेका महिलाहरूले पुनः समय मिलाएर अध्ययन गर्नुपर्ने आवश्यकता औँल्याउँदै देशमा भइरहेको राजनीतिक परिवर्तन र त्यसबाट जनतामाथि परेको प्रभावको बारेमा पनि थाहापाइराख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले भक्तपुर नेपालकै सबभन्दा उदाहरणीय सहर बनेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "पुर्खाले सिर्जेको सम्पत्तिलाई हामीले कला र संस्कृतिको रूपमा जीवन्तता प्रदान गऱ्यौँ । यो नेमकिपाको स्पष्ट दृष्टिकोण र दूरदर्शिताको कारण सम्भव भएको हो । नेमकिपा पछाडि परेको जनतालाई उठाउने र शोषण र शोषकको विरूद्ध लड्न सिकाउने पार्टी हो ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं नेपाल क्रान्तिकारी महिला सङ्घ भक्तपुर जिल्ला समितिका अध्यक्ष सृजना सैँजूले भक्तपुरका कलेजहरूमा पढ्ने तथा पढाउने दुवैमा महिलाहरूको सङ्ख्या बढी हुनुका साथै पढाइ पनि अब्बल रहेको र यस्तो स्थिति आउनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेक्रामसङ्घ र पार्टीको सक्रियतामा समय समयमा महिला स्वास्थ्य शिविरहरू सञ्चालन भइरहेको हुँदा यहाँका महिलाहरूको स्वास्थ्यमा धेरै हदसम्म प्रगति भएको छ । अन्य जिल्लाहरूमा पनि महिलाहरूको लागि नियमित स्वास्थ्य शिविर सञ्चालन हुनु आवश्यक छ ।"

नेपालको शासक दलका नेता तथा नेतृहरू आफू पार्लर जाने र करोडौँ गाडी चढी संसद् जान मन्त्री बन्नेमै ध्यान केन्द्रित हुँदा सिंजाका गरिब महिलाहरू

बाँकी पृष्ठ २ मा

# औषधि उपलब्ध नगराउने स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागलाई जिम्मेवार बनाइनुपर्ने

काठमाडौँ, १२ फागुन । सङ्घीय संसद्, राष्ट्रिय सभाको राष्ट्रिय सरोकार तथा समन्वय समितिको आयोजनामा 'नेपालमा क्यान्सर रोगको अवस्था र जनप्रतिनिधिको भूमिका' विषयक अन्तरक्रिया सङ्घीय संसद्को भवन नयाँ बानेश्वरको ल्होत्से हलमा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट डा.उमावती थापाले क्यान्सरबाट नेपालमा प्रत्येक वर्ष २० हजार बिरामी पहिचान भएको र सन् २०२० मा क्यान्सरबाट १६,६२९ जनाको मृत्यु भएको उल्लेख गर्दै नेपालमा फोक्सो, पाठेघर, स्तन, पेट र आन्द्राको क्यान्सर बढी देखिएको र सुर्तीजन्य पदार्थ, मद्यपान, हेपाटाइटिस बी लगायतको कारण क्यान्सर रोग लाग्ने गरेको बताउनुभयो ।

उहाँले देशभरि क्यान्सर उपचारको रेडियसन मेसिन १३ वटामात्र भएको, तत्काल आवश्यक रेडियसन मेसिन ३० भएको, देशभरि जनशक्ति ४८ जना भएको, तत्काल आवश्यक १२० भएको स्वास्थ्य मन्त्रालयबाट मात्र परिपूर्ति गर्न नसकेको, अधिकांश क्यान्सर बिरामीहरू तेस्रो र चौथो चरणमा मात्र अस्पताल आउने गरेको, पहिलो र दोस्रो चरणका ८० प्रतिशत, तेस्रो चरणका ३० प्रतिशत र चौथो चरणका ५ प्रतिशतमात्र क्यान्सर रोगी निको भएको उल्लेख गर्नुभयो ।

बीपी कोइराला क्यान्सर अस्पताल, भरतपुरका डा.शिवजी पौडेलले विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कअनुसार एसिया महादेशमा क्यान्सर बिरामीको पहिचान र मृत्यु सङ्ख्या दुवै बढेको बताउनुभयो ।

उहाँले प्रति १० लाख जनसङ्ख्याको लागि १ वटा क्यान्सर रोग उपचार गर्ने लि न्याक मेसिन हुनुपर्नेमा हाल देशमा ११ वटामात्र उपलब्ध भएको उल्लेख गर्नुभयो ।

मेडिकल अन्कोलोजिस्ट प्रा.डा. विष्णुदत्त पौडेलले नेपालको कुल मृत्युमध्ये १० प्रतिशत क्यान्सरबाट भइरहेको उल्लेख गर्दै क्यान्सर रोगी र परिवारको जीवन सुधार ल्याउने प्यालिएटिभको आवश्यकताबारे चर्चा गर्नुभयो । उहाँले क्यान्सर उपचारको दुखाइ कम गर्ने मर्फिन सन् २००० मा संरा अमेरिकामा ४५.०८२२ एमजी, भारतमा ०.०७६९ एमजी र नेपालमा ०.००१० एमजी उपलब्ध भएको बताउनुभयो ।

उहाँले नेपालमा सुर्तीजन्य पदार्थबाट वार्षिक ३५,५२९ को मृत्यु भइरहेको हुँदा सुर्तीजन्य उत्पादनमा कर बढाइए मुत्यु घट्ने उल्लेख गर्नुभयो ।

हर्ट इन्टरनेसन, नेपालका डा. सुशील बरालले नेपालमा सन् १९९० मा क्यान्सरबाट मर्नेको सङ्ख्या छैटौँ स्थानमा परेको तर सन् २०१९ सम्म पुग्दा दोस्रो स्थानमा परेको उल्लेख गर्दै काठमाडौँ उपत्यकाको वायु प्रदूषणको कारण यहाँका मानिसमा क्यान्सर रोग बढेकोतर्फ सचेत गराउनुभयो ।

काठमाडौँ विश्वविद्यालयका बायोटेक्नोलोजी विभागका प्रा.डा. भूपालगोविन्द श्रेष्ठले क्यान्सर रोगको उपचारमा जडिबुटीबारे चर्चा गर्दै राष्ट्रिय औषधिजन्य बिरूवा अनुसन्धान केन्द्र स्थापना हुनुपर्नेमा जोड दिनुभयो ।

काठमाडौँ क्यान्सर अस्पताल ताथलीका कार्यक्रम संयोजक डा. किशोरकुमार प्रधानाङ्गले क्यान्सर रोगबारे राष्ट्रिय नीति नभएको जनताको विषय भएको उल्लेख गर्दै नेपालमा फोक्सो पछि मुखको क्यान्सर बढी भएको बताउनुभयो ।

उहाँले नेपालीको स्वास्थ्यमा भन्दा रक्सी चुरोटमा बढी खर्च भएको बताउनुभयो ।

कार्यक्रममा क्यान्सर उपचारसँग सम्बन्धित केही निजी अस्पताल र संस्थाको प्रस्तुति राखिएको तर सरकारकै भक्तपुर क्यान्सर अस्पतालको प्रस्तुति छुटाएकोमा कानेखुसी पनि भएको थियो ।

नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले स्वास्थ्य करको अर्बौं रुपैयाँको सरकारी कोष सम्बन्धित क्यान्सर उपचार अस्पताललाई निकासा गराउन प्रतिनिधिसभाको ध्यान जानुपर्ने, औषधि उपलब्ध नहुँदा क्यान्सर बिरामीको मृत्यु बढेको, यसमा स्वास्थ्य मन्त्रालय र औषधि व्यवस्था विभागलाई जिम्मेवार बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भारतीय औषधि पाउन नेपालीलाई भारतीय नागरिक हुनुपर्ने, शासक दलका नेताहरू राज्यकोषबाट खर्च गराई क्यान्सरलगायत रोगको निको भएको, गम्भीर रोगबाट नेपालीको मृत्यु बढिरहे पनि पूर्वप्रम देउवा र ओली तथा वर्तमान प्रम दाहालको ध्यान नगएको बताउनुभयो । उहाँले काठमाडौँ उपत्यकाको प्रदूषणको कारण यहाँका बासिन्दालाई फोक्सोलगायत क्यान्सर हुनेबारे सूचित गराउन ढिलो गर्न नहुने, अस्पतालहरू मन्त्रीकै आ–आफ्ना मान्छेको जिम्मामा होइन स्थानीय सरकारको जिम्मामा चलाउनुपर्ने, जनशक्ति उत्पादन गर्न मेडिकल कलेजहरूलाई जिम्मा दिनुपर्ने बताउनुभयो । उहाँले जिल्ला जिल्लामा रोग पहिचान गराउन स्थानीय तहको सिफारिसमा सोही स्थानमा काम गराउने गरी एमबीबीएस र एमडीमा स्थानीय विद्यार्थीलाई पठाउनुपर्ने, जिल्ला जिल्लामा खेलकुद भवन र व्यायामशाला निर्माण गर्नुपर्ने, विज्ञबाट देखाइएका समस्या समाधान गर्न स्वास्थ्य सचिवबाट टिप्पणी तयार भई स्वास्थ्यमन्त्री र प्रम हुँदै संसद्बाट समेत पारित गर्नुपर्ने उल्लेख गर्नुभयो ।

सभामुख देवराज घिमिरले विज्ञको सुझावअनुसार क्यान्सर रोग नियन्त्रण र उपचारमा प्रतिनिधिसभाको सहयोग हुने उल्लेख गर्नुभयो ।

क्यान्सर रोगसँग लडेका समितिका सभापति दिलकुमारी रावल थापाको सभापतित्वमा भएको कार्यक्रममा क्यान्सर रोग लागेका बिरामीका परिवारको अनुभव सुदर्शन पौडेल र ढकराज कोइरालाले चर्चा गर्नुभएको थियो ।

# जनतालाई समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थाको भेदबारे सचेत पार्नु आवश्यक

भक्तपुर, १२ फागुन । ख्वप अस्पतालमा कार्यरत कर्मचारीको भेला तथा प्रवचन कार्यक्रम शनिबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुँजीवादी व्यवस्थामा सरकारी सङ्घ–संस्था ध्वस्त बनाई निजी सङ्घ–संस्थाहरूलाई पोस्ने काम गर्ने स्पष्ट पार्दै जनतालाई समाजवादी व्यवस्था र पुँजीवादी व्यवस्थाको भेदबारे सचेत पार्नु आवश्यक भएको बताउनुभयो ।

भक्तपुर क्यान्सर अस्पताललाई ध्वस्त बनाई निजी अस्पताललाई फाइदा पुऱ्याउन चालेको चाललाई भक्तपुर नगरपालिकाले हस्तक्षेप गरी उक्त अस्पताललाई सरकारी अस्पताल बनाउने सफल भएको प्रमुख प्रजापतिले जानकारी गराउनुभयो ।

उहाँले भन्नुभयो, "ख्वप अस्पतालको १६ करोड बक्यौता अहिलेसम्म पनि सरकारले पठाएको छैन । पुँजीपतिहरूको सञ्चालक समितिको रूपमा रहेको पुँजीवादी सरकारले जनतालाई दुःख दिने नियत स्पष्ट छ । यसको विरोधमा हाम्रो सङ्घर्ष जारी रहनेछ ।"

पुँजीवादी गठबन्धनको सरकारले देशमा शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रहरूमा व्यापक भ्रष्टाचार गरिरहेकोले देशको अर्थतन्त्र कमजोर हुँदै गएको हो । देशमा रोजगारीको अवसर सृजना गर्नुको सट्टा युवाहरूलाई विदेश पलायन गराउने कार्य देशद्रोही हो, प्रमुख प्रजापतिले भन्नुभयो ।

जनताको इमानदारीपूर्वक सेवा गर्ने भावना भएमात्र सेवाग्राहीले सहजरूपमा सेवा पाउन सकिने धारणा राख्दै उहाँले कर्मचारीको व्यवहार शिष्ट, सुसंस्कृत र व्यवहारिक हुनुपर्नेमा जोड दिनुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले पार्टीको निर्वाचन घोषणापत्रअनुसार इमानदारीपूर्वक कार्य गरिरहेकै कारण आज भक्तपुर अरू स्थानीय निकायको लागि अध्ययनको विषय बनेको बताउनुभयो ।

नेपाल कर्मचारी समाजका केन्द्रीय अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरू असल, इमानदार र कर्तव्यनिष्ठ हुनुको साथै देशभक्त पनि हुनु आवश्यक भएकोले कर्मचारीले राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीतिबारे जानकार हुनुपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "कर्मचारीहरू राजनीतिक र सांस्कृतिकरूपमा प्रशिक्षित र तिनीहरू इमानदार भए देशमा भ्रष्टाचार, पक्षपात र बेइमानीजस्ता घटना न्यून हुनेछ । कर्मचारीहरूले आफ्नो कमजोरी लुकाउनुभन्दा सच्याउनु आवश्यक छ ।"

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर मजेशप्रताप मल्लले भक्तपुर जिल्लाको स्वास्थ्य क्षेत्रमा प्रगति हुनुमा नेमकिपाको योगदान महत्त्वपूर्ण रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप अस्पतालका वरिष्ठ मेडिकल अफिसर डा. रत्नुसन्दर लासिवा, इन्टरनल मेडिसिन विशेषज्ञ डा. अमर प्रजापति र प्रज्ज्वल खत्रीले पनि बोल्नुभएको थियो ।

बालविवाह सामाजिक र कानूनी अपराध हो
➢ बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
➢ उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
➢ त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुबै हुने कानूनी व्यवस्था छ।
नेपाल सरकार
विज्ञापन बोर्ड

# उपत्यका वरिपरिका डाँडाहरूलाई संरक्षण गरी मूल फुट्ने जातका रुख बिरुवा रोप्नुपर्ने




भक्तपुर, १२ फागुन । भक्तपुर नगरपालिका वडा नं. ९ अन्तर्गत तुमचो दुगुरे चोखा आवास क्षेत्रका खानेपानी उपभोक्ताहरूको बृहत् भेला तथा ठेगाना प्रणालीबारे जानकारी सभा शनिबार एक समारोहबिच सम्पन्न भयो ।

स्थानीय कलाकारहरूको सांस्कृतिक धुनसँगै सभाको समुद्घाटन गर्दै नेपाल मजदुर किसान पार्टीका सचिव एवं सांसद प्रेम सुवालले काठमाडौँ उपत्यकामा देशैभरिबाट मानिसहरूको ओइरो लागेपछि खानेपानीको अभाव, प्रदूषण, फोहरमैला व्यवस्थापनमा जटिलता आउन थालेको चर्चा गर्दै उपत्यका वरिपरिका डाँडाहरूलाई संरक्षण गरी मूल फुट्ने जातका रुख बिरुवा रोप्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले राजधानी र प्रधानमन्त्रीका केही सहरहरू विकास गर्दैमा देशको सन्तुलित विकास नहुने प्रस्ट पार्दै देशको राजधानी काठमाडौँबाट पश्चिमको दाङमा सार्नुपर्ने पार्टीको अडान पुन: दोहोऱ्याउनुभयो ।

सिंहदरबारको पक्षपातले देश विकास नभएको उहाँको तर्क थियो । प्रमुख अतिथि सुवालले भन्नुभयो, "गाउँघरमा राम्रा पूर्वाधारसहितका विद्यालय भवनहरू छन् तर विद्यार्थी छैनन्, परिवारसहित सबै सहरबजार सरे, सहरबाट पनि युवाहरू लाखौँको सङ्ख्यामा विदेश पलायन भए किन ? किनभने सिंहदरबारले पक्षपात गऱ्यो ।"

उहाँले प्रधानमन्त्री र मन्त्रीहरू स्वअनुशासनमा नबसेकाले देशले दुर्दशा भोग्नुपरेको उल्लेख गर्दै २०७४ देखि २०७९ सम्मको अवधिमा संसद्मा जनताको आवाज एक शब्द पनि नबोलेका सांसद २०७९ को निर्वाचनमा पुन: जितेका छन् भन्नुभयो । मतदाताहरूलाई राजनैतिक चेतनाको सट्टा पद र पैसाको लोभ देखाएर निर्वाचन जितेकाहरूले भ्रष्टाचार मात्र गरिरहेको उहाँको भनाइ थियो ।

मेलम्ची र जमिनमुनिको पानी दुवैको भर नभएको जिकिर गर्दै सांसद सुवालले भन्नुभयो, "हरिया जङ्गलहरूको संरक्षण गरी वर्षातमा सतहको पानी जम्मा गर्ने संरचनाहरू निर्माण गरी हिउँदमा समेत पानी उपभोग गर्न सकिने व्यवस्था मिलाउनुपर्छ, जमिनमुनि पानी पुनर्भरण गर्ने प्रविधि अपनाउनुपर्छ ।" उहाँले सार्वजनिक सम्पतिको संरक्षण गर्ने नागरिक कर्तव्य रहेकोतर्फ सबैलाई सचेत गराउनुभयो ।

सभामा नेमकिपा भनपा ९ वडा समितिका दिलभक्त कोजुले भक्तपुरको पुरानो बस्तीलाई सांस्कृतिक क्षेत्र घोषणा गर्न ढिलाइ गर्न नहुने र वरिपरिका नयाँ बस्तीहरूलाई जनचाहनाअनुसार आधुनिक सुविधासम्पन्न आवासीय भवन निर्माण गर्ने हेतुले आवास योजनाहरू सञ्चालन गरेको बताउनुभयो ।

उहाँले पिउनयोग्य खानेपानी जनताको आधारभूत आवश्यकता भएको उल्लेख गर्दै यसको व्यवस्थापनको लागि जनप्रतिनिधिहरू लाग्नुपर्ने र सरोकारवाला निकायहरूलाई घचघच्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले तुमचो-दुगुरे-चोखा आवास योजना जनताकै पैसाबाट नगरपालिकाले अघि बढाएको चर्चा गर्दै जनताका आवश्यकताहरू पूरा गर्दै नमुना बस्तीको रूपमा विकास गर्न लागिपरेको बताउनुभयो । उहाँले खानेपानी व्यवस्थापनमा सहयोग गर्ने सबैलाई नगरपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्नुभयो । खानेपानी ट्याङ्की रहेको स्थान ऐतिहासिक स्थल भएको उल्लेख गर्दै त्यस ठाउँमा पुरानो शैलीको ढुङ्गेधारा र पोखरीसहितको बगैँचा बनाउने गुरुयोजना तयार भइसकेको उहाँले जानकारी दिनुभयो ।

वाग्मती प्रदेश खानेपानी तथा सरसफाइ ५ नं डिभिजन कार्यालयका प्राविधिक ई. ओमहरि ताम्राकारले उपभोक्ता समितिप्रति सबै उपभोक्ताहरूको अपनत्व हुने हुँदा यसका गतिविधि तथा आर्थिक हिसाब पारदर्शी गर्नु प्रशंसनीय कार्य भएको बताउनुभयो । उहाँले जमिनमुनिको पानी सफा गर्न गाऱ्हो हुने र २६ प्रकारका विभिन्न परीक्षणहरू गर्नुपर्नेमा सचेत गराउनुभयो । उहाँले मेसिनले बुस्ट गरेर उपभोक्ताहरूको घरघरमा पानी वितरण गर्दा चालु खर्च धेरै बढ्ने हुँदा दीर्घकालीन व्यवस्थापनको लागि ओभरहेड ट्याङ्की निर्माण गर्नुपर्नेमा जोड दिनुभयो ।

समितिका कोषाध्यक्ष एवं नगर कार्यपालिका सदस्य छोरीमैयाँ सुजखूले आयोजना सञ्चालन भएदेखि फागुन ७ गतेसम्मको आर्थिक विवरण पेस गर्नुभयो ।

तुमचो-दुगुरे-चोखा आवास क्षेत्र ठेगाना प्रणाली उपभोक्ता समितिका अध्यक्ष विष्णुप्रसाद दुमरुले बस्ती विकाससँगै चोक, सडक र घरहरूको व्यवस्थित एवं वैज्ञानिक नामकरण तथा नम्बरिङ कार्य भएको बताउनुभयो । यस क्रममा यस क्षेत्रका ऐतिहासिक नामहरूलाई पुनर्जीवन दिइएको उहाँले जानकारी दिनुभयो । प्राविधिकहरूले ठेगाना प्रणालीलाई गुगलमा अपलोड गरी इन्टरनेटको सुविधा नहुँदासमेत सबैले प्रयोग गर्न सकिने बनाउन आवश्यक तयारी गरिरहेको उहाँको भनाइ थियो ।

सभामा उपभोक्ता समितिका सचिव लक्ष्मीप्रसाद कुसी र सहसचिव विष्णुराम दुमरुले खानेपानी व्यवस्थापन कार्यमा स्थानीय जनताको साथ र समर्थन रहेकोमा खुसी व्यक्त गर्दै यस क्षेत्रको विकास निर्माणका हरेक क्रियाकलापमा निरन्तर साथ रहने विश्वास व्यक्त गर्नुभयो ।

उक्त सभामा प्रमुख अतिथि सांसद सुवालले ठेगाना प्रणाली कार्यान्वयनका लागि घरदैलो अभियानमा लाग्ने विद्यार्थीहरूलाई कदरपत्र वितरण गर्नुभयो । प्रमुख अतिथि सुवालले खानेपानी फिल्ट्रेसन प्लान्ट र ट्याङ्कीको स्थलगत निरीक्षण गर्नुभयो ।

# अगुवा एवं किसान कार्यकर्ता घटुवाको श्रद्धाञ्जली सभा

भक्तपुर, १२ फागुन । नेपाल क्रान्तिकारी किसान सङ्घका अगुवा एवं किसान कार्यकर्ता रामभक्त घटुवाको निधनमा शनिबार श्रद्धाञ्जली सभा भयो ।

नेमकिपा भनपा २ नं. वडा एकाइ समितिको आयोजनामा भएको उक्त सभामा नेमकिपाका सचिव प्रेम सुवालले देश र जनताको सेवामा निरन्तर सेवामा लाग्नु नै दिवङ्गत कार्यकर्ताप्रति सच्चा श्रद्धाञ्जली हुने धारणा राख्नुभयो ।

देशको परिस्थितिबारे अध्ययन गरी जनतालाई सुसूचित गर्नु कार्यकर्ताको दायित्व भएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "समाजवादी बन्दोबस्तमा जस्तै जनताको स्वास्थ्य सेवा उपचार सरकारले बन्दोबस्त गरेको भए दिवङ्गत घटुवाले अझ थप समय जिउन पाउने थियो । तर, पुँजीवादी बन्दोबस्तले कामदार जनताको स्वास्थ्य उपचारलाई ध्यान दिँदैन ।"

गरिब जनताले आफ्नो सम्पत्ति बेचेर उपचार गर्दा पनि निरोगी बन्न सक्ने अवस्था पुँजीवादी व्यवस्थामा नहुने चर्चा गर्दै सचिव सुवालले भन्नुभयो, "कार्यकर्ताहरूको स्वास्थ्यको विषयमा समयमा नै सचेत हुनुपर्ने भएकोले जाँड रक्सी, मद्यपान, धूमपानबाट हुने हानिबारे सबैलाई सचेत गर्नुपर्छ ।"

नेपाल क्रान्तिकारी किसान सङ्घका केन्द्रीय उपाध्यक्ष गोविन्द दुवालले विचार र भावनाले ओतप्रोत व्यक्ति सधैँ क्रियाशील हुने र त्यस्तै व्यक्ति दिवङ्गत रामभक्त घटुवा रहेको बताउनुभयो ।

नेमकिपाले सधैँ वर्गीय आन्दोलनलाई जोड दिइरहेको स्पष्ट पार्दै उहाँले भन्नुभयो, "नेमकिपाको स्वार्थ भनेको देश र जनताको इमानदारीपूर्वक सेवा गर्नु हो ।"

नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले सङ्कटको समयमा सहयोग गर्ने कार्यकर्तालाई कहिले पनि बिर्सन नसक्ने र तिनीहरूलाई जनताले सधैं सम्झिरहने बताउनुभयो ।

आन्दोलन र जनताको सेवामा सक्रिय कार्यकर्ताको निधन सङ्गठनको लागि अपूरणीय क्षति भए पनि नयाँ पुस्ता त्यस्ता अग्रज कार्यकर्ताको जिम्मेवारी सम्हाल्न सधैँ तयार हुनुपर्छ, उहाँले भन्नुभयो ।

नेमकिपा भनसका पूर्वअध्यक्ष रवीन्द्र खर्बुजाले पार्टीको सिद्धान्त र विचारमा सधैँ अडिग रहने दिवङ्गत घटुवा किसान आन्दोलनको अग्रमोर्चामा खटिने इमानदार कार्यकर्ता भएको बताउनुभयो ।

नेमकिपा २ वडा एकाइ समितिका अध्यक्ष रत्नकाजी नायभारीको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेक्राकिसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष गङ्गाराम ज्याख्व र गणेशप्रसाद सुवालले पनि बोल्नुभएको थियो ।

# भक्तपुर दरबार क्षेत्रमा तीन पुस्ताको ब्रिलियन्त भक्तपुर फोटो प्रदर्शनी हुने

भक्तपुर, १२ फागुन । भक्तपुर पर्यटन विकास समितिले फागुन १८ र १९ गते भक्तपुरका ऐतिहासिक एवं पुरातात्त्विक महत्त्वका तीन पुस्ताले खिचेका ६८ वटा 'ब्रिलियन्त भक्तपुर फोटो प्रदर्शनी सिरिज वन' भक्तपुरको दरबार क्षेत्रमा गर्ने भएको छ ।

भक्तपुरका पायोनियर फोटोग्राफर स्व. बद्रीप्रसाद बनेपाली उहाँका छोरा केदारप्रसाद बनेपाली र नाति किसन र नातिनी सुनी बनेपालीबाट विगतमा खिचेका पुराना तथा ऐतिहासिक महत्त्वका फोटो प्रदर्शनी गर्न लागेको हो । उक्त प्रदर्शनीमा ८० वर्ष पुराना भक्तपुरको अवस्थालाई नियाल्न सकिने भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दीपेशराज शर्माले जानकारी दिनुभयो ।

उहाँले पुराना तस्बिरकै कारण विभिन्न देशबाट पुराना मूर्तिहरू फिर्ता ल्याउन सकेको बताउनुभयो । बनेपाली परिवारको तीन पुस्ताले खिचेका फरक फरक कालखण्डको फोटोहरू भक्तपुरको परिवर्तित जीवनशैलीसँगै सम्पदाहरूमा आएको परिवर्तनसमेत देखाउन उक्त प्रदर्शनी हुने उहाँको भनाइ छ । प्रदर्शनीमा राखिएका कतिपय तस्बिरहरू अहिले अस्तित्वमा समेत नभएको उल्लेख गर्दै उहाँले तिनीहरूको मौलिक स्वरुपमा पुनर्निर्माण गर्न सघाउने बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँले उद्घाटन गर्नुहुने उक्त प्रदर्शनीका फोटोहरू अवलोकनसँगै बिक्रीका लागि पनि राखिने उहाँले जानकारी दिनुभयो । प्रदर्शनी बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म खुला रहने आयोजकले जनाएको छ ।

पत्रकारहरूको जिज्ञासाबारे केदार बनेपालीले स्पष्ट पार्दै फोटो पत्रकारिताका विगत र वर्तमान अवस्थाबारे जानकारी दिनुभयो । म्यानुअलदेखि डिजिटलसम्म आइपुग्दा धेरै कठिनाइहरू भोग्नुपरेको स्मरण गर्दै उहाँले प्रविधिले मान्छेलाई निकै अगाडि बढाएको बताउनुभयो ।

# सर्वसुलभ उपभोक्ता सहकारीको संस्थापक भेला




भक्तपुर, १२ फागुन । सर्वसुलभ उपभोक्ता सहकारी संस्थाको आयोजनामा संस्थापक भेला कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

उक्त कार्यक्रममा भक्तपुर नगरपालिकाका पूर्वउपप्रमुख चैत्यराज शाक्यले संस्थाद्वारा सञ्चालित सहकारी पसलबाट गुणस्तरीय खाद्य सामग्रीहरू बिक्री वितरण हुनु सराहनीय छ, भन्नुभयो ।

मासिक वा दैनिक कारोबार गर्ने सदस्यहरूलाई थप छुट गर्नुपर्ने व्यवस्था गरिएको खण्डमा अझ थप प्रगति हुने विश्वास उहाँले दिलाउनुभयो ।

यस कार्य योजनालाई सञ्चालक समिति व्यवस्थापन र संस्थापकहरूको महत्त्वपूर्ण भूमिका हुने विचार व्यक्त गर्दै उहाँले गत वर्षबाट उपभोक्ताहरूको थप सेवा भएको बताउनभुयो ।

भनपा साबिक वडा नं. ४ का पूर्ववडाध्यक्ष चन्द्रबहादुर उलकले चीनमा जनकम्युनमार्फत सहकारी संस्था धेरै विकास भएको जानकारी दिँदै सर्वसुलभ उपभोक्ता सहकारी विकास गर्न हरेक सदस्यहरूले सामान खरिद गरी सहयोग गर्नुपर्ने बताउनुभयो ।

बचत तथा ऋण सहकारीभन्दा फरक तथा जटिल सहकारीको रुपमा सञ्चालन गर्नुपर्ने भएकोले उपभोक्ता तथा सदस्यहरूको जनगुनासो आउनु स्वाभाविक छ भन्नुभयो ।

पुँजीवादी व्यवस्थामा कालाबजारीले स-साना पुँजीलाई थिचोमिचो गर्ने बजार नीतिले गर्दा उपभोक्ताहरूलाई सेवा गर्न समस्या भएको पनि उहाँले बताउनुभयो ।

संस्थापक अध्यक्ष एवम् सल्लाहहार कृष्णगोबिन्द लाखाजुले संस्थाको लोगो र शेयर पुँजीबारे संस्थापकहरूलाई प्रकाश पार्नुभयो ।

संस्थाले यस्तो प्रशिक्षण कार्यहरू पटकपटक राख्नुपर्ने र संस्थापकहरूले सहयोग गरेमा संस्थाको अझ प्रगति हुने विश्वास उहाँले दिनुभयो ।

संस्थाका अर्का सल्लाहकार राजेन्द्र दुमरुले संस्थामा सदस्य वृद्धि गर्नुपर्ने र बिचौलियाहरूसँग सामान खरिद नगरी सीधा कम्पनीबाट सामान खरिद गर्नुपर्ने विचार राख्नुभयो ।

संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद लाखाको सभापतित्वमा भएको सो कार्यक्रममा संस्थाका उपाध्यक्ष बद्रीप्रसाद माकले स्वागत गर्नुभएको थियो भने संस्थाका कोषाध्यक्ष नारायणमान वनमालाले संस्थाको प्रगति तथा आर्थिक विवरणसम्बन्धी जानकारी गराउनुभयो ।

संस्थाका सचिव गणेशराम मुस्याख्वले भेलाको आवश्यकताबारे बताउनुभयो । संस्थाका संस्थापक सदस्यहरूले विभिन्न राय सुझावहरू दिनुभएको थियो ।

***महिला...***

८० प्रतिशत आङ खस्ने समस्याबाट पीडित रहेको उहाँले बताउनुभयो ।

ख्वप अस्पतालका निमित्त मेडिकल डाइरेक्टर डा. मजेशप्रताप मल्लले महिला स्वास्थ्य अशिक्षा र चेतनाको अभावमा अत्यन्त नाजुक अवस्थामा पुग्ने भएकोले महिलाहरूलाई स्वास्थ्य सचेतना कार्यक्रम आवश्यक भएको बताउनभुयो ।

नेमकिपा भनपा वडा नं. ७ एकाइ समितिका अध्यक्ष बलराम गोसाईंले नेमकिपाले नेपालको राजनीतिमा प्रकाशस्तम्भको रूपमा काम गरेको बताउनुभयो ।

आयोजक समितिका संयोजक लक्ष्मीकेशरी तुइतुईको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा इन्द्रमाया लागे, अञ्जु मचामसी र सुवर्णकेशरी दुवालले पनि बोल्नुभएको थियो ।

# चन्द्रागिरीमा पार्टी स्थापना दिवस

काठमाडौँ, १२ फागुन । नेपाल मजदुर किसान पार्टी चन्द्रागिरी नगर समितिको आयोजनामा पार्टीको ५० औँ स्थापना दिवसको अवसरमा फागुन १२ गते बलम्बुमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले नेपालको कम्युनिस्ट आन्दोलन संशोधनवाद र अवसरवादबाट जोगाउन नेमकिपाको स्थापना भएको बताउनुभयो ।

नेमकिपा मार्क्सवाद, लेनिनवाद र माओ त्सेतुङ विचारधाराको मार्ग निर्देशनमा देशको परिस्थितिअनुसार देश र जनताको सेवामा निरन्तर लागेको बताउनुभयो । उहाँले समाजवादी लक्ष्य प्राप्त गर्न पुँजीवादी गणतन्त्रको दुर्गुणबारे जनतालाई सचेत पार्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा एन. महर्जनले नेमकिपा मार्क्सवादी सिद्धान्तअनुसार गतिविधि गर्दै समाजवादको लागि जनतालाई सचेत पारिरहेको बताउनुभयो । उहाँले साम्राज्यवादी देशले आफ्नो पञ्जामा राख्न आफ्नो अनुकूल अन्य देशमाथि युद्ध थोपरेको बताउँदै सारा न्यायप्रेमी विश्वका जनता साम्राज्यवादविरुद्ध सङ्घर्षरत रहेको बताउनुभयो ।

नेमकिपा चन्द्रागिरीका शान्त महर्जनले नेपाली युवाहरू विदेश पलायन हुनु देशको लागि हित नहुने भन्दै स्वदेशमै रोजगार नदिनु सरकारको अकर्मण्यता हो भन्नुभयो ।

नेमकिपा चन्द्रागिरी नगर समितिका अध्यक्ष गुणदास महर्जनको सभापतित्वमा भएको कार्यक्रममा हरिशरण श्रेष्ठ, पुरुषोत्तम महर्जन, जितबहादुर महर्जन, वन्दना श्रेष्ठ, बन्दना महर्जन, चण्डेश्वरी मजर्हन, शिवु दराई, राजु कपाली, किरण महर्जनलगायतले बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# प्रसूति गृहबाट हराएको शिशु काठमाडौँको काँडाघारीमा फेला

काठमाडौँ, १२ फागुन । काठमाडौँको थापाथलीस्थित परोपकार प्रसूति गृह तथा स्त्री रोग अस्पतालबाट हराएको नवजात शिशु (बालिका) फेला परेको छ ।

उक्त अस्पतालबाट शुक्रबार हराएको शिशु काठमाडौँको काँडाघारीमा फेला परेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिनुभयो ।

"हराएको नवजात शिशु काठमाडौँको काँडाघारीमा फेला परेको छ", उहाँले भन्नुभयो, "बच्चा लिएर जाने महिलालाई पक्राउ गरेका छौँ ।"

काभ्रेपलाञ्चोकको चौरी देउराली गाउँपालिका-३ घर भई हाल काठमाडौँको कपन बस्दै आएकी २२ वर्षीया सविना श्रेष्ठले शुक्रबार दिउँसो प्रसूति गृहबाट आफ्नो २६ दिनको शिशु चोरी भएको भन्दै प्रहरीलाई मौखिक सूचना दिएपछि प्रहरीले खोजीकार्य सुरु गरेको थियो । रासस

# सुक्खा पहिरोले कालीगण्डकी करिडोर अवरुद्ध

बलेवा (बागलुङ), १२ फागुन । सुक्खा पहिरोका कारण गए रातिदेखि कालीगण्डकी करिडोरको बागलुङ-गुल्मी सडकखण्ड अवरुद्ध भएको छ । बागलुङ र गुल्मीको सिमानामा पर्ने बागलुङको जैमिनी नगरपालिका-८ बरालवाको भिरमा गएराति सुक्खा पहिरो खसेको हो ।

पहिरोले बागलुङ-गुल्मीखण्डअन्तर्गत मालढुङ्गा-अर्वेनी सडक पूर्णरूपमा अवरुद्ध भएको छ । बागलुङको मालढुङ्गादेखि गुल्मीको अर्वेनीसम्म ४४ किलोमिटर खण्ड कालोपत्रका लागि स्तरोन्नतिको काम भइरहेको छ । काम चलिरहेकै बेला गए राति पहिरो खसेपछि सडक अवरुद्ध भएको र काम रोकिएको कालोपत्रको काम गरिरहेको निर्माण कम्पनी कालिका कन्स्ट्रक्सनका इञ्जिनियर छकबहादुर गुरुङले जानकारी दिनुभयो ।

"दुवैतर्फबाट डोजर लगाउँदा पनि कम्तीमा एक साता पहिरो पन्छाउन लाग्छ", उहाँले भन्नुभयो, "ढुङ्गा खसिरहेकाले पन्छाउने काम गर्न सकिएको छैन ।" पहिरोको विषयमा कालीगण्डकी करिडोर आयोजना कार्यालय पाल्पालाई जानकारी गराइएको उहाँले बताउनुभयो ।

सडक अवरुद्ध भएपछि लामो तथा छोटो दूरीका सवारीसाधन चल्न सकेका छैनन् । सदरमुकाम बागलुङ बजार, जैमिनी र बरेङ गाउँपालिकाबाट बुटवललगायतका ठाउँमा चल्ने सवारीसाधन बाटोमै रोकिएका छन् । भिरालो जमिन रहेको उक्त स्थानमा बेलाबेलामा सुक्खा पहिरो जाने गरेको छ । रासस

# मानसिक समस्याहरूको उपचारमा साहित्य अध्ययनले ठुलो योगदान

**- रीतिका दुवाल (प्रशिक्षार्थी)**

भक्तपुर, १२ फागुन । "म विश्वास गर्छु कि कुनै एउटा राम्रो किताब पढेपछि त्यहाँ एउटा जादुमय घटना अवश्य घट्छ ।" - जे . केरोलिङ

अहिलेको जल्दोबल्दो समस्या 'डिप्रेसन' को उपाय सहित्य बन्न पुगेको छ । साहित्य अध्ययनले मानसिक समस्याहरूको उपचारमा ठुलो योगदान गरेको पाइन्छ । साहित्य पढ्दा रसरंग मात्र भर्न पाउने होइन आफ्ना पडिामा मल्हमपति लगाएको जस्तो अनुभूति हुन्छ । अहिले साहित्य मानसिक समस्या हल गर्नेको माध्यम बनेको छ । खेल्दै बग्दै गरेको शब्दले पाठ र लेखक दुवैलाई आआफ्नो अनुभव र भावना आदानप्रदान गर्न मद्दत पुऱ्याएको छ ।

विश्व स्वास्थ्य सङ्गठन ( डब्लुएचओ ) का अनुसार विश्वभर मानसिक स्वास्थ्य समस्या बढ्दै छ । पछिल्लो समय कोरोना भाइरस ( कोभिड-१९) को महामारी र सामाजिक सञ्जालको बढ्ढो प्रयोगले यस्ता मानसिक समस्या बढ्दै गरेको पाइन्छ । विश्वका लगभग ५ प्रतिशत वयस्कहरू डिप्रेसनसँग लडिरहेको पाइन्छ ।

सहित्यले ज्ञान थाहापाउनुको साथै मानिसहरूलाई उत्प्रेरणा पनि दिन्छ । तर, कस्तो किसिमको साहित्य पढ्दा आफूलाई बढी लाभदायक हुन्छ भन्ने कुराको पनि ख्याल राख्नुपर्दछ । साहित्यले मानसिक स्वास्थ्य समाधानमा सहायक भूमिका खेल्दछ । यसले सामाजिक सम्बन्ध पनि अभिवृद्धि गर्दछ । साहित्यले मानिसहरूमा बितिरहेको मानसिक समस्याको बारेमा र त्यस्ता समस्याको समाधानमा सहयोग पुऱ्याएको देखिन्छ ।

अर्नेस्ट हेमिङ्गवेले पुस्तकभन्दा असल साथी अरु कोही हुँदैन भनेका थिए । अन्तरमनका कुरा र भावनाहरू बहकाउन साहित्य मनग्य छ । चन्दीका सुवालले भनिन् जब मलाई उराठिलो लाग्छ, तब म किताब पढ्न थाल्छु, पुस्तकहरू पढ्दा मलाई त्यो तनाबबाट टाढा लगेर कुनै अर्को एउटा काल्पनिक संसार पुऱ्याइदिएको जस्तो हुन्छ भनिन् । उनले नकारात्मक परिस्थितिका भावनाहरूलाई नियन्त्रण गर्न र धैर्य राख्न मद्दत पुऱ्याउँछ । भनिन् ।

यस्तै मानसिक समस्यासँग लडिरहेको कृष्णा कोजुले भनिन्, "दाह लाग्दा आफैँलाई कहीँ बहकाउन चाहन्छु । त्यहीँ समय साहित्यमा डुब्दै जान्छु र शान्त भएर केही समस्याहरू हल गर्छु ।

प्राय: अन्तर्मुखी व्यक्तिहरूले आफ्नो भावना र विचार प्रस्तुत गर्न नसकेर भित्रभित्रै लुकाएर आफ्ना मानसिक अवस्थालाई झनै हानि गरिरहेका हुन्छन् । तर, उनीहरूको लागि साहित्य एक माध्यम बनेको छ जहाँ आफ्ना विचार र भावनाहरू शब्दमार्फत प्रस्टसँग व्यक्त गर्न सकेका छन् । साहित्य एक विषय मात्र नभई एउटा भावना, एउटा विचार एउटा धारणा हो । साहित्य नलेखे पनि हरेक व्यक्तिले साहित्य पढेर नयाँ ज्ञान र त्यसको भाव सिक्न जरुरी छ । यसको कारणले मानसिक समस्या केही हदसम्म घटाउन मद्दत गर्दछ ।



सदरमुकाम घोराही बजार
ड्रोन क्यामराबाट खिचिएको दाङ जिल्लाको सदरमुकाम एवम् घोराही उपमहानगरपालिकाको केन्द्र घोराही बजार । *तस्बिर : कुलदीप न्यौपाने/रासस*

# अफ्रिकन स्वाइन फिवर रोकथाम गर्न नाकामा निगरानी

सुदूरपश्चिम, १२ फागुन । सुङ्गुर, बुङ्गुरलगायतका पशुमा महामारीका रूपमा फैलिने 'अफ्रिकन स्वाइन फिवर' रोग भित्रिन नदिन कैलाली जिल्लाका सीमानाकामा निगरानी बढाइने भएको छ । जिल्ला प्रशासन कार्यालय कैलालीमा शुक्रबार बसेको सरोकारवालाको बैठकमा यो रोग भित्रिन नदिन सीमानाकामा अवैध पैठारी तथा ओसारपसार नियन्त्रणका लागि निगरानी बढाउने निर्णय गरिएको हो ।

सुदूरपश्चिम प्रदेशका कैलालीसहितका जिल्लामा अफ्रिकन स्वाइन फिवर रोग फैलिन सक्ने जोखिम बढेकाले सचेत रहन कृषक तथा व्यावसायिक फार्मलाई भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र कैलालीले अपिल गरेको छ । बैठकमा बङ्गुर तथा बङ्गुरजन्य पदार्थको ढुवानीमा पशु ढुवानी मापदण्ड २०६४ तथा भेटेनरी निरोगिताको प्रमाणपत्रसम्बन्धी प्रावधानलाई प्रभावकारी कार्यान्वयन गर्न सरोकारवाला सबैलाई अनुरोध गर्ने, कृषक तथा बङ्गुर व्यवसायीलाई जैविक सुरक्षाको विधि अवलम्बन गर्न उत्प्रेरित गराउने, पशु तथा पशुजन्य सामग्री तथा सवारी साधनको निर्मलीकरण गर्न लगाउने र आवश्यक सचेतनामूलक कार्यक्रम पनि सञ्चालन गर्ने निर्णय गरेको छ ।

यसैगरी पछिल्ला महिनामा कतिपय फार्मका बाख्रामा 'टोक्सोप्लाज्मा गोन्डी' र 'क्यु फिवर' नामको (बाख्रा तुहिने) रोगको पुष्टि भएको सन्दर्भमा यो रोगको रोकथामका लागि पनि सरोकारवाला निकाय र कृषकसँग समन्वय गरी सचेतनामूलक कार्य गर्ने पनि निर्णय गरिएको छ । गोदावरी, गौरीगङ्गा र घोडाघोडी नगर क्षेत्रका कतिपय फार्मको बाख्राको नमूना परीक्षण गर्दा 'टोक्सोप्लाज्मा गोन्डी र क्यु फिवर' रोगको पुष्टि भएको भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञकेन्द्र धनगढीका प्रमुख डा. हेमराज अवस्थीले जानकारी दिनुभयो ।

सो अवसरमा प्रमुख जिल्ला अधिकारी धमेन्द्रकुमार मिश्रले बङ्गुर सुङ्गुरको व्यवसायमा लागेका किसानको व्यवसायमा प्रतिकूल असर नपुग्ने गरी कडाइका साथ रोगको रोकथामको पहल गर्नुपर्ने बताउनुभयो । भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढीका प्रमुख डा. अवस्थीले अफ्रिकन स्वाइन फिवर रोग र यसले निम्त्याउन सक्ने समस्या, रोकथाममा लागि गरिएको पहलका बारेमा जानकारी गराउनुभएको थियो ।

पशुपन्छी रोग अन्वेषण प्रयोगशालाका प्रमुख डा. नरेशप्रसाद जोशीले यो रोगको रोकथामका लागि जैविक सुरक्षा नै प्रभावकारी उपाय रहेको बताउनुभयो । यो रोगको सङ्क्रमण बढ्दा विगतमा कैलालीको भजनीका एक व्यवसायीको फार्ममा चार सय १५ बङ्गुर मरेका थिए ।

सुँगुर, बङ्गुर तथा बँदेल प्रजातिमा विषालुका कारण लाग्ने यो अफ्रिकन स्वाइन फिवर रोगको मृत्युदर उच्च रहेको र छिटो फैलिने गरेको बताइन्छ । नेपालमा पहिलो पटक गत वर्ष जेठ महिनामा यो रोगको पुष्टि भएको थियो । देशभरका २८ जिल्लामा सङ्क्रमण देखिएपछि जैविक सुरक्षाको विधि अवलम्बनसँगै सीमा तथा आन्तरिक क्वारेन्टाइनबाट ओसारपसारमा निगरानीका साथै सचेतनाका कार्यक्रम गरिएको थियो ।

यो रोगको सङ्क्रमण हुँदा सुङ्गुर, बङ्गुर तथा बँदेलमा उच्च ज्वरो आउने, कान, पुच्छर, पेटको तल्लो भागको बाहिरी छाला रातो हुने, शरीरमा निलो धब्बा देखिने, खाना नखाने, बान्ता गर्ने, छेर्ने, छट्पटाउने, तुहिनेजस्ता लक्षण देखिन्छन् । विश्व पशु स्वास्थ्य सङ्गठनले यो रोग नियन्त्रण गर्न सङ्क्रमित क्षेत्रबाट ओसारपसार नियन्त्रणसहित जैविक सुरक्षामा विशेष ध्यान पुऱ्याउन सिफारिक गरेको डा. अवस्थीले जानकारी दिनुभयो ।

फार्ममा जैविक सुरक्षाका विधि अवलम्बन गर्ने, बङ्गुर पालिएको खोर र फार्ममा नियमित सरसफाइ गरी चुना, ब्लिचिङ पाउडरलगायतका नि:सङ्क्रमणका औषधि प्रयोग नि:सङ्क्रमण गर्ने, रोगको शङ्का लागेको पशुलाई बथानबाट छुटचाएर अलग्गै राख्ने, मरेका पशुलाई खाडलमा गाड्नेलगायतका उपाय अपनाउन सकिने पशु चिकित्सकको भनाइ छ ।

# लोकेश्वर साकोसको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न

भक्तपुर, १२ फागुन । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि., इताछेँ, भक्तपुरको आ.व. २०८०/०८१ को अर्ध वार्षिक समीक्षा कार्यक्रम शनिबार सम्पन्न भयो ।

संस्थाको विविध गतिविधि समावेश भएको लोकेश्वर दर्पण सार्वजनिक गर्दै अतिथि रवीन्द्र खर्बुजाले सहकारी संस्थाहरूले समय समयमा यस्तै विभिन्न कार्यक्रमहरू गर्दै जानुपर्ने र यस्ता कार्यक्रमबाट मात्रै संस्थाको अवस्थाको बारेमा सदस्यहरूले ज्ञान प्राप्त गर्नसक्ने बताउनुभयो ।

उहाँले सहकारीभित्र रहेका कमीकमजोरीहरू औँल्याउँदै चुनौती र अवसरलाई चिन्नुपर्ने कुरा राख्नुभयो । देशको अहिलेको अवस्था चिन्ताजनक रहेको कुरा राख्दै उहाँले पछिल्लो अवस्थामा सातै वटा प्रदेशमा विनियोजित बजेटअनुसार सङ्घीय सरकारबाट विकास निर्माणको कार्यमा खर्च गर्न नसक्नुले अहिलेको सरकार असफल रहेको पुष्टि हुने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांले देशको बिग्रँदो राजनीतिक अवस्थाका कारण मुलुकको संवेदनशील र विशिष्ट पदहरूमा पनि पार्टीगत हितका लागि आफ्ना व्यक्तिहरूलाई राख्ने प्रवृत्तिले पदको दुरूपयोग गरी वास्तविक दोषीलाई उन्मुक्ति दिने कार्य भएकोले देश झन्झन् बिग्रँदै गएको कुरा राख्नुभयो ।

संस्थाका अध्यक्ष एवं कार्यक्रमका सभापति राजन जतिले संस्थाले स्थापनाकालदेखि नै सदस्यहरूलाई पारदर्शीरूपमा विभिन्न गतिविधिहरूको बारेमा विभिन्न कार्यक्रममार्फत जानकारी दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक लक्ष्मीभक्त दुवालले लेखा प्रतिवेदन, सचिव राजु छुकांले अर्ध वार्षिक प्रगति प्रतिवेदन, कोषाध्यक्ष पुण्यराम स्वंगमिखाले आर्थिक प्रतिवेदन र विभिन्न उपसमितिबाट आ-आफ्नो प्रगति प्रतिवेदनहरू प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा संस्थाका प्रबन्धक प्रशान्त मानन्धर र लेखापाल शर्मिला मानन्धरलगायतले बोल्नुभएको थियो ।

# विद्यालयले भर्ना नलिँदा शिक्षाबाट वञ्चित

**प्रविना थुया**

भक्तपुर, १२ फागुन । आजको युगमा पनि इँटाभट्टाका मजदुरहरूका बालबालिकाहरू शिक्षाबाट वञ्चित र हेका छन् । चाँगुनारायण नगरपालिका-३ झौखेलस्थित इँटा भट्टाहरूमा काम गर्न आउने मजदुरको बालबालिकाहरू विद्यालय नगई इँटा पारेर बसेका छन् । उनीहरूलाई पढ्न नजिकको सरकारी विद्यालय हुँदा पनि उनीहरू विद्यालय विद्यालय जान पाएका छैनन् । ६ महिनाका लागि उनीहरू आफ्नो गाउँघर छोडेर भक्तपुर आउँछन्, र आफ्नो बच्चाहरूलाई पनि एक्लै छोड्ने ठाउँ नभएर र गाउँमा कोही हेर्ने नभएर साथै लिएर आउँछन् तर यहाँका विद्यालयहरूले भर्ना लिएर पढाएका छैनन् । उनीहरूको पढाई आधि अधुरो हुन्छ । उनीहरू बिचमै पढाइ छोडेर भट्टामा आउँछन् । यहाँबाट पनि शिक्षणसत्र पूरा नगरी जाने भएकोले भर्ना नलिएको स्थानीय विद्यालयका एक शिक्षकले बताएका छन् ।

विद्यालयलले पनि हिउँदामा मात्र बढी विद्यार्थी हुने र अरु बेला विद्यार्थी नभएको कारण भर्ना नलिएको विद्यालय व्यवस्थापन समितिका एक सदस्यले बताएका छन् । भर्ना नलिएको कारण पनि बालबालिकाहरू विद्यालय जान मान्दैनन् । विद्यालय गए पनि कहिले जाने कहिले नजाने आफ्नो मनलागी गर्छन् । यस्तो समस्याले गर्दा खेरी कतिपय बालबालिकाहरू शिक्षाबाट वञ्चित भइरहेका छन् । त्यसैले बालबालिकाको लागि गुणस्तर र सुनिश्चित शिक्षाको लागि साना बालबालिकाहरूलाई यस्ता क्रियाकलापहरूमा सामेल गराउन नहुने देखिन्छ जसले गर्दा उनीहरूको भविष्यमा पनि असर पर्न जान्छ ।

***प्रशिक्षार्थी***

। सम्पादकीय ।

# खर्चबारे पहिले नै सोच्नुपर्ने हो कि ?

प्रदेशसभाको बजेटबारे सङ्घीय बजेटको अनिश्चयको कारण सङ्घ र प्रदेशको बजेट 'बन्द गल्ली'मा फसेको स्थिति बताइन्छ । सङ्घीय बजेट नै आउँदो बजेट दुई खर्बमा घट्ने सम्भावना बनिरहेको बेला प्रदेश बजेटको निम्ति केन्द्रीय सरकार लाचार स्थितिमा पुगेको एक सूत्रले बताउँछ ।

तर, प्रदेश बजेटबारे प्रदेशसभा र सरकारले आफ्नै आम्दानी अथवा आर्थिक स्रोतबारे सोच्नुपर्नेबारे केही नसुनेको हुँदा पर्यवेक्षकहरू पनि आश्चर्यमा छन् । प्रदेश बजेटको निम्ति आफ्नै आर्थिक स्रोत भएमा स्रोतअनुसार बजेट बन्न सक्थ्यो । तर, प्रदेश सरकारको महत्त्वाकाङ्क्षी बजेटको खर्चको अनुमान गरिसक्दा प्रदेश सरकारको लगानी र उत्पादन नदेखिँदा सम्भावित कर र सङ्घीय अनुदान सहयोगलाई मुख्य आयस्रोत बनाउँदा र सङ्घीय सरकारले आफ्नो आर्थिक लाचारी देखाउँदा प्रदेश सरकार फर्कने बाटो बिराएको र फर्कने बाटो पहिल्याउन असफल भएको देखिन्छ ।

आफ्नै खुट्टामा उभिने बजेट प्रदेशले कल्पना गरेको भए सायद यो अप्ठेरोमा पर्ने थिएन । प्रदेश सरकारहरू बनाउनुभन्दा पहिले प्रदेश सरकारका दाबेदार प्रदेशसभाका सदस्यहरू र सम्बन्धित राजनीतिक दलहरूले सङ्घीय सरकारले लाचारी देखाए पनि आ-आफ्नो आयस्रोतमै भर परी प्रदेशलाई अगाडि लानेबारे बढी समय खर्चेको भए सम्भवत: यो सकसमा पर्ने थिएन ।

प्रदेश बजेट अन्योलमा परेपछि प्रदेशको भरमा परेका स्थानीय नगरपालिका, गाउँपालिका र कमजोर आयस्रोतका पालिकाहरूसमेत विलखबन्दमा पर्नु स्वाभाविक हो ।

सङ्घीय सरकारको अर्थमन्त्री वा केन्द्रीय सरकारको अर्थमन्त्री विदेसीसँग गुहारमा लागेको झन्डै एक वर्ष भयो । विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली बैङ्कसँग ऋण लिएर देशलाई थप ऋण पासोमा राख्ने उपाय देखायो भने आश्चर्य मान्नुपर्ने छैन ।

प्रदेशले दिइएको बजेट पनि खर्च गर्न सकिरहेको थिएन भने थप बजेटले के तलब, भत्ता र यातायात खर्च बढाउने होला भन्ने अड्कल पहिले काटेको देखिन्छ । पालिकाहरूमध्ये केही मेयरहरू वर्षमा दर्जनौँपटक राजधानी जान्छन् । प्रदेश मुख्यमन्त्रीहरू काठमाडौँमा भवन बनाएर काठमाडौँबाटै प्रदेश चलाउने हो कि ! जिज्ञासुहरू अचम्ममा परेका थिए ।

XXX

## आमा समूहको सफलता

नगरपालिका वा गाउँपालिकाहरूमा 'आमा समूह' को बैठकहरू हेर्दा राम्रो र सकारात्मक गतिविधि हुने सम्भावना देखापर्दै छ । जसरी आज महिला स्वास्थ्यबारे आवश्यक चासो, तालिम र उपचारसम्बन्धी गतिविधि भइरहेको सुनिन्छ, त्यसरी नै 'आमा समूह' ले 'नागरिक शास्त्र' को तालिम र कक्षा सञ्चालन बरोबर गराउन पाए नागरिक अधिकार र कर्तव्यप्रति नेपालका महिला जगतमा ठूलो प्रगति देखापर्ने थियो ।


वन संरक्षणमा जसरी महिलाहरूले राम्रो प्रदर्शन गरे त्यसरी नै 'आमा समूह' ले नागरिक भावनाअन्तर्गत संविधान, एकात्मक र सङ्घीय सरकार र मन्त्रीमण्डलीय सरकार, संसद्, न्यायपालिकाको अधिकार र कर्तव्यबारे पनि राम्रो जानकारी पाउने थिए ।

सानो तर उपलब्धि कम समयमै धेरै देखिने, आवाज सानो तर सफलताको स्वर ठूलो देखिने 'नागरिक शिक्षा' बाट 'आमा समूह' अगाडि बढ्ने सम्भावना छ ।

# महाकाली सन्धिको कालो रूप

✍ रवीन्द्र ज्याख्व

नेपालको पश्चिमी सिमाना महाकाली नदीको भ्रमण गर्दा प्रत्येक पल्ट फरकफरक परिदृश्य देखिन्छ । २०५३ सालमा देशघाती महाकाली सन्धिको विरोधमा राजधानीका सडकहरूमा आन्दोलन गर्दै गर्दाको देशभक्ति भावना सोही सालको माघ महिनामा महाकाली नदीमै पुगेर शारदा बाँध र टनकपुर बाँधको आफ्नै आँखाले प्रत्यक्ष हेर्दा आँसुसँगै आक्रोशको ज्वाला बनेर पोखिएको थियो । भारतीय विस्तारवादको छलकपट र तत्कालीन नेपाल सरकारमा रहेका दल तथा प्रमुख प्रतिपक्षको जनविरोधी एवं देश बेच्ने अपराधविरुद्ध कञ्चटको रौं ठाडो भएका थिए ।




त्यतिबेला शारदा बाँधको मध्यभागमा नेपाल र भारतको झन्डा क्रस गरेर राखिएको थियो । बाँधमा हिँडडुल गर्न दिइएको भएर पनि निकै केरकार गर्दा हामीमा भारतीय पक्षसँग निकै रिस उठेको थियो । तर, टनकपुर बाँध भने पार गर्ने अनुमति पाइएको थिएन भारतीय पक्षबाट । नेपाली बगरमा बसेर पृष्ठभूमिमा महाकालीको पानी र टनकपुर बाँध आउने गरी साथीहरूले फोटो खिच्न खोज्दा क्यामेराको रिलसमेत खोसेको तीतो यथार्थ बोकेका थियौं ।

त्यसपछिका वर्षहरूमा जाँदा नेपालतिरको भूमि अतिक्रमण गर्दै भारतीय सशस्त्र बलको चेकपोस्ट नेपाली भूमिमा सर्दै आएको थियो । यसपटकको भ्रमणमा भारतीय अतिक्रमणको नाङ्गो रूप प्रस्टै देखियो । शारदा बाँधको १ किमिभन्दा वारि नेपाली भूमिमा भारतीय विशाल झन्डामात्र फहराइएको थिएन, सँगै भारतीय भूमिमा स्वागतम् लेखिएको पक्की प्रवेशद्वारसमेत बनाइएको थियो । विश्वव्यापी फैलिएको कोरोना महामारीको समयमा भारतीय पक्षले नेपाली भूमि मिचेर प्रवेशद्वारको निर्माण र भारतीय विशाल



झन्डा फहराइएको स्थानीयको भनाइ सुनियो ।

भारतीय सशस्त्र सीमा प्रहरी बलको टुकडीले नेपालीहरूलाई नागरिकता प्रमाणपत्रबिना पारि जानसमेत दिएन । नेपाली दाजुभाइहरूलाई आफ्नै भूमिमा लाइन लगाएर भारतीय पक्षले शरीरमा छाम्छुम गऱ्यो । पारि बनवासा बजारबाट आएका नेपाली दाजुभाइहरूलाई त हैरान हुनेगरी चेकजाँचको नाममा मानसिक यातना दिएको देखियो । आयु सकिएको शारदा बाँधमा डोजरले भत्केबिग्रेको भाग निकाल्दै त्यसमा ढलान गर्दै गरेको देखियो । कसैलाई पनि बाँधमा जान दिइएको थिएन । पानी पूरै थुनेर भारततिर लगेकोले सुख्खा बगरको रूपमा रहेको महाकाली नदीबाट सबैजना वारपार गर्दै थिए । नेपालतिरका ढोकाहरू बन्द थिए । अलि अलि चुहिएको पानीमात्र नेपालतिर बगिरहेको थियो ।

टनकपुरको पनि हाल उस्तै । बाँधले थुनेर सागर बनेको महाकालीको पानी सम्पूर्णरूपले भारततिर पठाइएको र नेपालमा एक थोपा पनि पानी नपठाएको देख्दा जोसुकैलाई भारतीय पक्षपातले पोल्नु स्वाभाविक हो । भारतीय बगर अत्यन्त फोहर र गन्हाउने, तर चहलपहल उतै थियो । नेपाली बगर भने सुख्खा खण्डहर । त्यहाँ पनि नेपाली भूमिमा भारतीय चेक पोस्ट थियो, चेकजाँच भारतीय पक्षबाटै भइरहेको थियो ।

नेपाली बजार ब्रह्मदेवमाडौंमा सडकको एक खण्ड काटिएको र ढलनिकास समेत हटाइएको देखेपछि स्थानीय व्यापारीसँग 'किन यसो गरिएको ?' भनी बुझ्दा उनको उत्तरले चकित बनायो । उनको उत्तर थियो, "नेपाल सरकारले सडक पीच गर्न खोज्दा भारतीय सेना आएर रोक्यो । ढल पनि खन्न दिएन ।"

नेपाली बजारमा नेपाली लगानीमा सडक पीच गर्न र ढल खन्न पनि भारतीय पक्षले स्वीकृति नदिएको सुन्दा जोकोही देशभक्त नेपालीको मनमा भारतीय अत्याचारको विरोधी भावना उब्जिन्छ ।

**महाकाली सन्धि हुनुअघि :**

**क) शारदा बाँध :**

सन् १८१६ मा नेपाल र तत्कालीन इस्ट इन्डिया कम्पनीबिच भएको सुगौली सन्धिमा नेपालको राजाले महाकाली नदीभन्दा पश्चिमको भूमिमाथि दाबी गर्न नपाइने कुरा उल्लेख छ । यसको अर्थ महाकाली नदी पूरै नेपालको हो र नदीपारि मात्र नेपालले भूमिमाथि दाबी गर्न नपाइने भनिएको हो । तर, चन्द्र शमशेरको पालामा सन् १९२० अक्टोबर २१ मा इस्ट इन्डिया कम्पनीले महाकालीमा शारदा बाँध बनाउँदा नेपाल सरकारले केही भन्न सकेन । उल्टै बाँधको कारण नेपाली भूमि २८९८ एकड (२३ हजार ५३ रोपनी जग्गा) डुबानमा पऱ्यो । त्यसबापत कम्पनी सरकारले नेपाललाई ४००० एकड जमिन फिर्ता गर्ने त्यतिबेलाको सम्झौतामा उल्लेख थियो तर नेपालले उक्त जग्गा हालसम्म पनि पाएको छैन ।

कम्पनी सरकारले भारतीय भूमि ५ लाख हेक्टरमा सिँचाइ गर्न उक्त बाँधको निर्माण गरेको थियो । भारतले उक्त बाँधबाट अटुटरूपमा २७१ क्युमेक्स ( क्युविक मिटरप्रति सेकेन्ड) पानी आफ्नोतिर लगिरहेको छ । तर, नेपाललाई हिउँदमा केवल ४.२५ क्युमेक्स र वर्षातको समयमा २८.३५ क्युमेक्स पानी दिन्छ, त्यो पनि भारतको निगाहमा ।

**ख) टनकपुर बाँध :**

शारदा बाँधको आयु ७५ वर्षको थियो । त्यसको आयु सकिएपछि पनि भारतीय भूमि सिञ्चित गर्न भारतीय पक्षले शारदा बाँधबाट ७ किमि उत्तरतिर टनकपुर बाँध निर्माण गऱ्यो । नेपाली जनता निरङ्कुश पञ्चायती व्यवस्था फाल्ने आन्दोलनमा व्यस्त हुँदा भारतीय सरकारले टनकपुर बाँध निर्माण गरिरहेको थियो । भारतमा १२० मेगावाट बिजुली उत्पादन गर्न र सोही पानी फेरि शारदा बाँधकै पानीढलोमा लगेर शारदा बाँध भत्किएमा पनि भारतीय भूमि सिञ्चित गर्ने उद्देश्यले भारत सरकारले टनकपुर बाँध निर्माण गरेको उसकै लिखतले बताउँछ । यस क्रममा नेपालतिरको भँगालोमा बाँध बनाउँदा ५७७ मिटर लामो तटबन्धका लागि नेपाली भूमि २.५ हेक्टर (४९.१४ रोपनी जग्गा) डुबानमा परेको थियो । बदलामा नेपाली पक्षले टनकपुर बाँधबाट हिउँदमा ८.५ क्युमेक्स र वर्षातमा २८.३५ क्युमेक्स पानी तथा ७ करोड युनिट बिजुली पाउने सम्झौतामा उल्लेख छ ।

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सन् १९९१ डिसेम्बर ४ र ५ मा भारत भ्रमणमा जाँदा टनकपुर बाँध परियोजनासम्बन्धी सन्धि गरेका थिए । तर, प्रधानमन्त्री कोइरालाले टनकपुर बाँधबारे कुनै सन्धि नगरेको बरु सामान्य समझदारीमात्र गरेको भनी नेपालको संसद्लाई ढाँटे । उक्त सन्धिमा देशघात भएको भन्दै नेपाली जनताले सडक र सदनमा सङ्घर्ष गरे । सर्वोच्च अदालतले गिरिजाले भारतमा सन्धि नै गरेको फैसला सुनाएको थियो । परिणामत: गिरिजाले निर्वाचित संसद् विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरे । एमालेले त्यतिबेला देशघाती महाकाली सन्धिलाई देशव्यापीरूपमा चुनावी मुद्दा बनायो र सरकार पनि गठन गऱ्यो । तर, २०५२ माघ १५ गते भारतीय विदेशमन्त्री प्रणव मुखर्जी नेपाल भ्रमण आउँदा महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धिमा दुई देशका मन्त्रीस्तरमा हस्ताक्षर भयो । त्यसको लगतै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणको क्रममा दुई सरकार प्रमुखबिच औपचारिकरूपमा सन्धिमा हस्ताक्षर गरियो । एकीकृत सन्धिमा आयु सकिएको शारदा बाँधलाई पुनर्जीवित गर्ने कार्यसँगै टनकपुर सन्धिमा भएको देशघातलाई अनुमोदन गरियो । त्यसका साथै प्रस्तावित पञ्चेश्वर बाँधबाट विद्युत् उत्पादन गर्ने, सिँचाइ गर्ने र बाढी नियन्त्रण गर्ने बहुउद्देश्यीय योजना पनि समेटियो । भूकम्पीय दृष्टिकोणले अत्यन्त जोखिमयुक्त क्षेत्रमा संसारकै अग्लोमध्येको एक ३१५ मिटर अग्लो बाँध निर्माण गरेर पञ्चेश्वरबाट ६ हजार ४८० मेगावाट र रूपालगढबाट थप २४० मेगावाट बिजुली उत्पादन गर्ने प्रस्ताव गरिएको थियो सन्धिमा ।

एकीकृत महाकाली सन्धिमा पञ्चेश्वर बहुउद्देश्यीय परियोजना निर्माणसम्बन्धी विस्तृत आयोजना प्रतिवेदन (डीपीआर रिपोर्ट) सन्धि भएको मितिले ६ महिनाभित्र तयार गर्ने उल्लेख थियो । तर, सन्धि भएको २७ वर्ष पूरा भइसक्दा समेत अहिलेसम्म उक्त प्रतिवेदन तयार भएको छैन । त्यस नाममा अहिले पनि भारतीय पक्षले महाकालीको पानीमाथि एकाधिकार कायम गरिरहेकै छ ।

महाकाली सन्धिमा देशघात भएको सबैलाई थाहा छ, त्यसको विरोधमा त्यतिबेला देशव्यापी आन्दोलन पनि चर्केको थियो । तर, काङ्ग्रेस, राप्रपालगायत सत्ताधारी दलहरूले 'पश्चिमबाट सूर्य उदाउने', 'विकासको मूल फुट्ने' जस्ता भ्रम फैलाउन छोडेनन् । एमालेका नेताहरूले समेत जनतालाई धोखामा पार्ने काम गरे । उनीहरूले 'देश झिलिमिली हुने', 'जङ्गलका रूखका पातहरूमा बिजुली बल्ने' जस्ता फुइँ गफ गरेर जनताको आँखामा कालोपट्टी बाँध्ने काम गरे ।

तत्कालीन संवैधानिक व्यवस्थाअनुसार उक्त सन्धिलाई संसद्को दुवै सदनबाट अनुमोदनको लागि २०५३ भदौ ४ गते संसद्मा दर्ता गरियो र भदौ २६ गतेबाट सांसदहरूबिच छलफल चलाइयो । सन्धिको पक्ष र विपक्षमा संसद्मा चर्काचर्की भएको थियो । देशघाती सन्धिको विरोधमा जनमत तयार हुँदै थियो । सांसदहरूलाई खबरदारी गर्न जनता सडकमा ओर्लिन थाले । नेपाल मजदुर किसान पार्टीले भक्तपुरदेखि काठमाडौंसम्मको विशाल पैदल ऱ्याली पनि गऱ्यो । माइतीघरमा धर्ना तथा खबरदारी कार्यक्रम दिनहुँजसो भए । शासक दलकै नेताहरूसमेत सन्धिको विपक्षमा आवाज उठाउन थालेका थिए । तर, भारतीय विस्तारवादको दलाली गर्दै शासक दलहरूले आफ्ना सांसदहरू खरिदबिक्री गर्ने, बन्धक बनाउनेजस्ता आपराधिक कार्य गर्न थाले । २०५३ असोज ४ गते राति काङ्ग्रेस, एमाले, राप्रपालगायतका दलहरूले आफ्ना सांसदहरूलाई ह्वीप जारी गर्दै सन्धि अनुमोदनको पक्षमा जबरजस्ती मतदान गर्न लगाए । त्यतिबेला नेपाल मजदुर किसान पार्टीका ४ सांसदहरूसहित ८ जनाले सन्धिको विपक्षमा मतदान गरे भने ३१ जना सांसदहरूले मतदान बहिष्कार गरे । २२० जना सांसदहरूले देशघाती महाकाली सन्धि संसद्बाट अनुमोदनको पक्षमा मतदान गरे । शासक दलहरूले जनविरोधी सन्धि अनुमोदनका लागि चोरबाटो अपनाएर रातिको समयमा संसद्मा मतदान गराएको चाल पाउनेबित्तिकै देशभक्त जनता राति नै सडकमा ओर्लेका थिए । लामो समयसम्म सन्धि एवं नेपाली शासक दलहरूको भारतीय दलाली प्रवृत्तिको विरोधमा

बाँकी पृष्ठ ८ मा

# दोस्रो / तेस्रो अध्याय

# समाजवादी समाजबाट साम्यवादी समाजमा सङ्क्रमण

✍ नारायणमान बिजुक्छें

जन-कम्युनको स्थापनाको सुरु सुरुमा चिनियाँ जन-कम्युनलाई हरेक व्यक्तिले हरेक किसिमको नाउँ दिएका थिए । जन-कम्युनलाई कसैले 'ठुलो सहकारी संस्था' कसैले 'अगाडि बढेको सहकारी संस्था' आदि भिन्नभिन्न किसिमका नाउँ दिए । तर, अध्यक्ष माओ त्सेतुङले त्यसलाई 'जन-कम्युन' को नाउँ दिनुभयो । उहाँको भनाइमा जन-कम्युन सहकारी संस्थाभन्दा आकारमा धेरै ठुलो र बढी समाजवादी स्वभावको छ ।

अध्यक्ष माओले साँच्चै ठीक भन्नुभएको थियो- उहाँको 'ठुलो आकार' भन्नुको अर्थ हो, "जन-कम्युनको खेती उत्पादक सहकारी संस्थाहरूको भन्दा बढी आकारमा ठुलो हुनु हो किनभने खेती सहकारी संस्थाहरूमा सालाखाला बढीभन्दा बढी १००-२०० घर हुन्छन् । तर जन-कम्युनमा २,००० देखि २०,००० घरसम्म सम्मिलित भएको हुन्छ । त्यो खेती सहकारी संस्थाभन्दा आकारमा मात्रै बढी होइन कि श्रमशक्ति, जग्गा, आर्थिक स्रोतहरू र साधनहरू आदि सबै कुरोमा धेरै गुणा शक्तिशाली छ ।"

माओको 'आकारमा ठुलो' भन्नुको दोस्रो अर्थ हो- खेती सहकारी संस्था खालि कृषिको चौतर्फी विकास, पशुपालन, वन-उद्योग, मत्स्यपालन, कुटीर व्यवसाय आदि साना विकासमा मात्रै सीमित हुन्थ्यो । तर, कम्युनले खेतीको चौतर्फी विकासको साथसाथै उद्योग, व्यापार, यातायात र सञ्चार, शिक्षा र संस्कृति, ठुलठुला योजना, प्रशासन सैनिक कार्यकलाप आदि विविध क्षेत्रहरूको पनि चौतर्फी विकास गर्छ ।

उत्पादन सहकारी संस्थाहरू उत्पादनको कार्यहरूमा मात्र सीमित थिए तर कम्युनमा उत्पादनको कार्यसँगै सहर र गाउँको सहकारी वा राज्यको प्रशासकीय अङ्गको साथै कम्युनको प्रबन्ध पनि गाभिएको हुन्छ । यस किसिमबाट कम्युनमा सहर र गाउँ उत्पादनको काम र सहकारी प्रशासन पनि एकै ठाउँमा सम्मिलित भएको हुँदा यी उत्पादक खेती सहकारीभन्दा आकारमा ठुलो भएको हो ।

अध्यक्ष माओको 'बढी समाजवादी स्वभाव' भन्नुको अर्थ हो- कम्युनमा व्यक्तिगत उत्पादनका साधनहरू बिस्तारै सामूहिक मालिकत्वमा परिणत भएर सामूहिक मालिकत्व, सबै जनताको स्वामित्वमा परिणत हुनसक्ने सबभन्दा सजिलो माध्यम हुनु हो ।

दोस्रो, कम्युनले आइमाईहरूलाई उत्पादनको काममा भाग लिन लगाउन प्रोत्साहन दिन घरेलु कार्यबाट मुक्त गर्न, सामूहिक भान्छाघर, शिशुशाला, बालोद्यान, लुगा सिउने दल आदिको स्थापना गरेर 'हरेकलाई कामअनुसार' को ज्याला र इनामको व्यवस्था गर्थ्यो । साथै कम्युनले कामदारहरूको ज्याला घरको संरक्षकलाई नदिएर सोझै कामदारहरूलाई नै दिएर पुरानो सामन्तवादी प्रिति प्रथालाई अन्त गऱ्यो ।

यसबाहेक कम्युनले बिनापैसाले खाने, लाउने, बस्ने, पढ्ने, अन्तिम संस्कारको व्यवस्था, विवाह, सुत्केरी, मनोरञ्जन, स्वास्थ्य रक्षा आदि जीवनका तल्ला आवश्यकताहरूलाई पूर्ति गर्ने व्यवस्था गऱ्यो ।

उपर्युक्त कुराहरूले अध्यक्ष माओको उक्तिले आकार र बढी समाजवादी स्वभावलाई स्पष्ट गर्छ ।

तर, कम्युनमा समाजवादी स्वभावमात्र भएको होइन बरु चाहिए जति खानाको निःशुल्क वितरण, सबै जनताको स्वामित्व ( सामूहिक सम्पत्तिमा), एउटै संस्थामा खेती, उद्योग, व्यापार, शिक्षा र संस्कृति, जनसेना र प्रशासकीय कार्य आदिले गर्दा चिनियाँ समाज साम्यवादी समाजमा भित्रिन चाहिने परिस्थितिहरू पनि विद्यमान देखिए । चिनियाँ गाउँहरूमा प्राथमिक सहकारीबाट अगाडि बढेको सहकारी संस्थामा परिणत भएजस्तै चीनको खेती व्यवस्थामा पूर्ण यान्त्रिक र विद्युतीयकरण भई उत्पादनका साधनहरूमा गुणात्मक परिवर्तन भइसकेपछि जन-कम्युन अगाडि बढेको कम्युनमा बदलिनेछ, त्यसबेला चिनियाँ समाजमा 'हरेकलाई कामअनुसार' को सिद्धान्तबाट 'आवश्यकताअनुसार' को वितरणको सिद्धान्त लागू भएर साम्यवादी समाजमा भित्रिनेछ । त्यसबेला चीनमा सहर र गाउँको फरक, किसान र मजदुर, बौद्धिक काम र शारीरिक काममा भेद देखिने छैन । अनि चिनियाँ जनता साधनहरूको प्रचुरता भएको समाजमा भित्रिने छन् । त्यो आदर्श समाजको कल्पना, धेरै वर्ष अगाडि साम्यवादका चिन्तक, प्रवर्तक, श्रमिक जनताका महान् नेता कार्ल मार्क्स र फेडरिक एङ्गेल्सले गर्नुभएको थियो ।


## तेस्रो अध्याय

### पेचिङको एक सहरी कम्युन

चीनमा सबभन्दा पहिले जन-कम्युनको स्थापना गाउँ-गाउँमा भएको थियो । पछि गाउँ-गाउँको जन-कम्युनको सफलताले सहर सहरमा पनि जन- कम्युनको स्थापनाको आन्दोलन चल्यो । आन्दोलनको सुरु सुरुमा सहरका पुँजीपतिहरू, उच्च मध्यमवर्ग र पुँजीवादी बुद्धिजीवीहरू कम्युन स्थापना गर्ने पक्षमा थिएनन् । बहुमत जनता कम्युन बनाउने पक्षमा थिए । सन् १९५९ को अन्त र १९६० को सुरु सुरुमा सहरी कम्युनको स्थापनाको आन्दोलन तीव्रगतिले चलिसकेको थियो । तर, सहरी कम्युनले त्यतिबेलासम्म गाउँका कम्युनहरूले जस्तो विकास गरिसकेको थिएन ।

सन् १९६० जून ९ मा बिहान हामीले अन्तर्राष्ट्रिय युवक-विद्यार्थी स्वास्थ्य निवास छोड्यौँ र पेचिङको छिङच्याङ होटलमा बस्यौँ । हामी स्वास्थ्य निवास छाडेका साथीहरू करिब करिब २०-२५ जना थियौँ, जसमा नेपाली, भारतीय, मंगोलियाली, कोरियाली र भियतनामी मित्रहरू थिए ।

पेचिङ चीनको राजधानी हो, जहाँ सन् १९४९ मा अध्यक्ष माओ त्सेतुङले जनवादी चीनको स्थापनाको बिगुल फुक्नुभएको थियो । पेचिङ एउटा ठुलो सहर हो । त्यसको बृहत्ताकारले हामीलाई अन्योलमा पाऱ्यो । स्वास्थ्य निवासबाट बिदा लिनुभन्दा केही महिना अगाडिदेखि नै हामीलाई बरोबर पेचिङका दर्शनीय स्थानहरू हेर्न लगिन्थ्यो । हामीले धेरै लामा लामा चौडा सडकहरूमा गयौँ, धेरै पुराना ऐतिहासिक स्मारकहरू हेऱ्यौँ । हप्तैपिच्छे र महिनैपिच्छे गइरहेको सडक र ठाउँहरू सधैँ नौलोजस्तो लाग्थ्यो र आश्चर्य लाग्थ्यो ।




आखिर पेचिङ छ कत्रो ? त्यसो भए के ड्राइभर र गाइड (द्वैभाषी) को चलाकी हो त ? अहँ, अवश्य होइन ।

पेचिङ साँच्चिकै ठुलो सहर रहेछ । तर, यो कुरो साँचो हो कि पुरानो पेचिङ आजको नयाँ पेचिङजस्तो थिएन । यस हप्ता या महिनामा भत्काइरहेको पुरानो बजारमा अर्को हप्ता वा महिनामा माइलौँ माइल लामो नयाँ बजार बनिसक्थ्यो । कस्तो आश्चर्यजनक कार्य द्रुतता ! त्यस्तै कार्य दक्षता र कार्य द्रुतताले नै त्यत्रो गरिब चीनलाई साम्राज्यवाद, पुँजीवाद र सामन्तवादको बलियो सिक्रीलाई चुँडालेर अत्याचार, व्यभिचार र अनाचारको अखाडामा शान्ति, सुन्दर र आनन्द स्थल बनाउन सके । हामीले पेहाई पार्क, ग्रीम दरबार, स्वर्गको दरबार, चन्द्रमाको आमन्त्रण स्थलजस्ता प्राचीन कलाकृतिपूर्ण दर्शनीय स्थानहरू र कामदार स्टेडियम, पिपुल्स काङ्ग्रेस हल (जन प्रतिनिधिसभा भवन) जस्ता आश्चर्य पार्ने नयाँ भवनहरू हेरिसकेका थियौँ र चिडिया खाना, बायोलोजिकल जू सङ्ग्रहालय आदि ठाउँहरू पनि गइसकेका थियौँ । तर, पनि पेचिङमा हेर्ने थुप्रै स्थानहरू बाँकी नै थिए ।

९ तारिखमा हामी पेचिङ विश्वविद्यालय र ऐतिहासिक सङ्ग्रहालय, चिनियाँ सांस्कृतिक केन्द्र, थेन-आनमन चोक, पेचिङ पुस्तकालय, कपडा कारखाना आदि ठाउँहरूको कार्यक्रम १०, ११ र १२ तारिखतिर थियो । तर, हामी समयको अभावले धेरै हेर्नलायक ठाउँहरूमा जान सकेनौँ । पुरानो पेचिङ सहर त्यति ठुलो थिएन, जति नयाँ छ । पुरानो सहरको चारैतिर ठुल-ठुला पर्खालले पेचिङ घेरिएको थियो । क्रान्तिपछि कति ठाउँका पर्खालहरू भत्काउँदै पुरानो साँगुरो पेचिङलाई फराकिलो बनाउँदै थिए । तर, हामीले सबैजसो ठाउँमा एउटा चीज राम्रो देख्यौँ, त्यो हो - पुरानो स्मारकको राम्रो संरक्षण । पेचिङको प्रशंसा गर्नलायक चीजहरूमध्ये प्राचीन कला, अति राम्रो प्रतिनिधिसभा भवन, उपनगरहरू र सडकहरू हुन् ।

साँच्चै नयाँनयाँ उपनगरहरू, पेचिङ हवाई अड्डा र थेनआनमेन चोकको सडक र संसद् भवनजस्ता आश्चर्यजनक भवनले पेचिङको स्मृतिलाई सदा ताजा राख्नेछ ।

१० जूनको बिहानको खानापछि हामी होटेलबाट पेचिङको पुरानो सहरतिर गइरहेका थियौँ । सडकका दुवै पेटीहरूमा आ-आफ्ना काममा जान लागेका हट्टाकट्टा र हँसिला मुहारका चिनियाँहरू समूह समूहमा गइरहेका थिए । ठाउँ-ठाउँमा पुराना एकतले घरहरू भत्काउँदै ठुलठुला घरहरूको निर्माण खूब जोडतोडले भइरहेको थियो । क्रान्तिपछि बनेका नयाँ पेचिङका भवनहरू नयाँ प्रकारका थिए र पुरानो पेचिङ सहरका घरहरू आफ्नै चिनियाँ कलायुक्त थियो । नयाँ पेचिङको ट्रक र मोटर हिँड्ने सडकमा पार्कजस्ता बिचबिचमा फूलबारी बनाइएका र बगैँचाजस्तो र लहरै मिलेका नयाँ शैलीका घरहरू हेर्दा साह्रै नौलो लाग्थ्यो । बस पुरानो सहर हुँदै एक गल्लीमा गएर अड्यो । मोटरबाट ओर्लेर हामी अलि पर पुग्नासाथ दुई तीन जना युवा युवतीहरूले हात मिलाएर स्वागत गरे । पुरानो चिनियाँ कलाले युक्त एकतले घरमा सँगै गयौँ । ढोकाको दायाँबायाँ चित्रहरू लेखिएको थियो, काठमाडौँ उपत्यकाका नेवारहरूको पुराना घरहरूको ढोकामा लेखेजस्तै ।

एक दुई चोक हुँदै एउटा लाम्चो बैठक कोठामा पुग्यौँ । कोठाको एउटा भित्तामा दुई चिनियाँ राष्ट्रिय झन्डाको बिचमा अध्यक्ष माओको एउटा ठुलो तस्बिर झुन्ड्याइएको थियो । त्यो थियो- सहरी कम्युनको मुख्य कार्यालय । अगाडि पछाडिका अरू कोठाहरूमा कार्यालयसम्बन्धी र अरू उत्पादनका कामहरू भइरहेको थियो । बैठकको लामो टेबुलको चारैतिर हामीहरू आफ्ना द्वैभाषी लिएर बस्यौँ । हामी नेपाली र भारतीय साथीहरूको निम्ति द्वैभाषी मिस्टर लि थिए । उनी स्वास्थ्य निवासकै एक अङ्ग्रेजी द्वैभाषीहरूमध्ये एक थिए । उनको पूरा नाम हो-मिस्टर लि-च्याङ ह्वा ।

२०-२२ वर्षकी एक महिला त्यस कम्युनको सञ्चालिका थिइन् । उनीसँग हाम्रो परिचय कम्युनकै कोठामा भइसकेको थियो । तिनले एसियाका विभिन्न देशका साथीहरूको स्वागतका भावनाहरू व्यक्त गरिन् । टेबुलको बिचबिचमा चुरोटका बट्टाहरू, सलाइ र धुलो राख्ने भाँडाहरू थिए । २०-२२ वर्षकी एक अर्कै महिलाले चिनियाँ कलाले सिङ्गारिएको चिनियाँ माटाका चियाका भाँडाहरू ल्याइन् र राखिन् । उनी पनि कम्युनकै एक कार्यकर्ता थिइन् । का. सञ्चालिकाले आफ्ना स्वागतका शब्दहरू बोलिसकेपछि आफ्नो कम्युनको सम्बन्धमा बोल्दै गइन् । कम्युनको परिचयलाई मि.लिले अनुवाद गर्दै गए ।

यस जन-कम्युनमा जम्मा १३ हजार घर छन्, जहाँ ६० हजार निवासी छन् ।

क्रान्तिभन्दा पहिले यो क्षेत्र साह्रै पिछडिएको थियो । शिक्षाको क्षेत्रमा एक प्राइमरी स्कूल र तीन मिडिल स्कूलमात्र थिए । किनमेल गर्ने पसलहरू पनि साह्रै कम थिए । बेरोजगारी समस्या त झन् चर्को थियो ।

सन् १९५८ को वसन्तमा यस क्षेत्रमा शिक्षाको व्यापक प्रचार गरियो । शिक्षा प्रचारकै सिलसिलामा धेरै महिलाहरूले राजनैतिक र आर्थिक जानकारी पाए तथा आफ्नो देशको आवश्यकता र कठिनाइलाई राम्रैसँग बुझे, त्यसको फलस्वरुप कम्युनिस्ट पार्टीको 'लामो पाइला' को आन्दोलनको नारालाई कार्य रूपमा ल्याउन व्यवहारमा उत्रे । त्यस 'लामो पाइला' मा भाग लिनेहरू यस कम्युनमा धेरैजसो महिला नै थिए ।


कम्युनको स्थापनापछि धेरै महिलाहरूले काम पाए । तिनीहरू पहिले बेरोजगार थिए ।

कम्युनले सुरु सुरुमा स्थापनाका धेरै कठिनाइहरू भोग्नुपऱ्यो । तर, कम्युनिस्ट पार्टीको निर्देशन र सङ्गठनले गर्दा कठिनाइहरू सुल्झिँदै गयो । पहिले काम गर्न नजानेकाले अरू ठुल-ठुला कारखाना हेर्न र सिक्न पठाउने गरियो र पछि अरू कारखानाका कामदार साथीहरू कम्युनमे आएर सिकाउन थाले । यसरी कम्युनिस्ट पार्टीले मद्दत गर्दै गयो, कम्युनका कठिनाइहरू बुझेर त्यसको हल गर्ने उपाय पनि बतायो । सुरु सुरुमा यस कम्युनमा १२ जवान कामदारहरूले मात्रै कामको तालिम पाएका थिए र ३ जना पसलमा काम गर्थे । काम गर्ने दल (टीम) हरू पनि स-साना थिए । एक दलमा करिब ३ देखि ५ जनासम्मका हुन्थ्यो । यसरी यो कम्युनको पहिलेको काम गर्ने ढाँचा साह्रै सानो थियो ।

अघिकै युवती कामरेडले कपहरूमा चिया थप्दै ल्याइन् । चिया चिनियाँ चिया थियो, अर्थात् चिनी, र दूध नभएको सुवासयुक्त चियापछिको चिया । चियाको साना-साना पत्ताहरू र तातो पानी, बस यति हो चीनको चिया । चियाको रङ्ग हरियो हरियो र रातोरातो थियो । चियाको कुराले मलाई चिनियाँ धर्तीमा मेरो पहिलो कुमिङ हवाई अड्डाको एक घटनाको स्मरण गरायो । हामी कुमिङ हवाई अड्डामा फाराम भरिरहँदा चिया ल्याइयो । चिया र खालि तातोपानीमा साना-साना चियाका 'पातहरू' मात्रै थिए । चियामा दूध र चिनीको पर्खाइमा थिएँ । तर द्वैभाषी र विद्यार्थी फेडेरेसनका साथीहरूले चिया उठाएर पिउँदै मलाई पनि पिउन आग्रह गरे । फेरि एकछिनपछि विद्यार्थी साथीले भने, "चिया चिसो हुन लाग्यो, उनीहरूले खालि चिया पिएको देख्दा मलाई आश्चर्य लाग्नु स्वाभाविक थियो, मैले पनि चिया उठाएँ । चिया के पिउन लागेको थिएँ, तर हरेक घुट्काइमा आँखा चिम्लनुपर्थ्यो । तीतो न तीतो खाली चिया घाँटीमा अड्की अड्की जान्थ्यो । तैपनि, केही त पिएँ । यहाँ पनि त्यस्तै चिया थियो । तर, चीनमा बस्दा बानी बसिसकेकोले अब चिनियाँ चियाले अचम्म पार्न छोडेको थियो ।

श्री लिको अनुवादपछि तिनले भन्दै गइन्, "यो कम्युनमा काम गर्ने कामदारहरू धेरैजसो महिलाहरू नै छन् । सुरु सुरुमा महिलाहरूलाई घरको काम र बच्चा (नानी) राख्ने ठाउँ नभएकोले काममा असजिलो र बाधा अनुभव भयो । फेरि कम्युनको काम गर्ने ठाउँ साह्रै सानो थियो । खाली ५-६ वटामात्र कोठा थिए । यस उसले अर्कै एक भत्केको घरलाई जानी नजानी महिलाहरूले मात्रै एउटा घर बनाए र त्यसमा नर्सरी (नानीहरू राख्ने ठाउँ) को रूपमा काम लिइयो । अर्को यस्तै अलि अलि भत्केको र बनाउनुपर्ने एक दुई घर पनि मर्मत गरेर डायनिङ हल (सामूहिक भान्छा घर) आदि बनाइयो । पहिले भान्छा घरहरू पुरानै तरिकाको थियो तर पछि देशमा टेक्निकल इभोल्युसन (प्राविधिक विकास) र टेक्निकल इनोभेसन (प्राविधिक आविष्कार) को अभियान चल्यो र भान्छा घर पनि नयाँ प्रविधिले नै बनाइए ।"

हामी चिया पिउँदै गयौँ र उनी आफ्नो कम्युनको प्रगतिको विषयमा भन्दै गइरहेकी थिइन्, "अहिलेसम्ममा यो कम्युनमा १० वटा ठुलठुला फ्याक्ट्री (कारखाना) छन् । अरू धेरै साना कल-कारखानाहरू पनि छन् । ठुलो कारखानाहरूमा कमसेकम ३०० र स-साना कारखानाहरूमा कमसेकम १०० मजदुरहरू हुन्छन् ।



द नेश्नालिटिज होटल

# शान्तिका लागि वार्ता प्रयास जारी रहँदा गाजामा सयौँको मृत्यु, इजरायली प्रतिनिधिमण्डल पेरिसमा



गाजा पट्टी, प्यालेस्टिनी अधिनस्थ क्षेत्र, (एएफपी) । इजरायली गुप्तचर प्रमुख युद्धविराम र प्यालेस्टिनी लडाकूहरूद्वारा बन्धक बनाइएका बन्धकहरूको फिर्तीको पयासलाई जारी राख्दै वार्ताको लागि पेरिसमा रहेका बेला गाजामा रातभर भएको आक्रमणमा १०० भन्दा बढी व्यक्तिको मृत्यु भएको शनिबार बताइएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले सार्वजनिक गरेको युद्धपछिको गाजाको योजनालाई शुक्रबार प्रमुख सहयोगी संयुक्त राज्य अमेरिकाले आलोचना र प्यालेस्टिनी प्रशासन र हमासले अस्वीकार गरेपछि पेरिस वार्ताको पहल भएको हो ।

अनिकालको बढ्दो जोखिमबारे संयुक्त राष्ट्रसङ्घको चेतावनी र प्यालेस्टिनीहरूका लागि यसको मुख्य सहायता निकाय यूएनडब्ल्यूआरएले शनिबार बिहानै गाजावासीहरू 'चरम सङ्कटमा रहेको' र विश्वले यसलाई हेरिरहेको बताएको छ ।

एएफपीको फुटेजमा शुक्रबार उत्तरी क्षेत्रमा खानाका लागि लामबद्ध भएका गाजाका विक्षिप्त नागरिकहरू आफुहरूको पीडा व्यक्त गर्दै प्रदर्शन गरिरहेको देखिएको छ ।

जबालियानिवासी अहमद अतेफ साफीले भन्नुभयो, "हेर्नुस, हामी खाद्यान्नको लागि एकआपसमा सङ्घर्ष गरिरहनुपरेको छ । हामी कहाँ जाने ?"

"हामीसँग पानी छैन, पीठो छैन र भोकले गर्दा हामी धेरै थकित छौँ । आगो र धुवाँका कारण हाम्रो ढाड र आँखा दुखेको छ," जाबालियानिवासी ओम वाज्दी सलहाले एएफपीसँग भन्नुभयो ।

"भोक र खानाको अभावका कारण हामी आफ्नो खुट्टामा उभिन सक्दैनौं ।"

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायता निकाय ओसिएचएले सामाजिक सञ्जाल एक्समा शुक्रबार राति जारी गरेको वक्तव्यमा भनिएको छ, "पर्याप्त खाद्यान्न र पानीको आपूर्तिका साथै स्वास्थ्य र पोषण सेवाको अभावमा गाजामा अनिकालको उच्च जोखिम बढ्ने अनुमान गरिएको छ ।

यसैबीच, मोसाद गुप्तचर निकायका प्रमुख डेभिड बार्नियाको नेतृत्वमा इजरायली प्रतिनिधिमण्डल बाँकी बन्धकहरूलाई फिर्ता गर्ने सम्झौताका लागि शनिबार पेरिसमा पुगेको छ ।

बार्नियासँगै शिन बेट सुरक्षा निकायका रोनेन बार पनि सहभागी हुने इजरायली सञ्चारमाध्यमले जनाएका छन् ।

संयुक्त राज्य अमेरिका, इजिप्ट र कतार सबै युद्धविराम र कैदी तथा बन्धक आदान-प्रदान सुनिश्चित गर्ने उद्देश्यले विगतका वार्ताहरूमा सहभागी हुँदै आएका छन् ।

नेतन्याहूको सरकारमाथि युद्धविरामका लागि वार्ता गर्न र चार महिनाभन्दा बढीको युद्धपछि बन्धकहरूको रिहाइ सुनिश्चित गर्न दबाब बढ्दै गएको छ, बन्दीहरूको परिवारको प्रतिनिधित्व गर्ने एक समूहले शनिबार राति पेरिसमा भएको वार्ताकै दौरान 'विशाल र्‍याली' को योजना बनाएको छ ।

ह्वाइट हाउसका दूत ब्रेट म्याकगर्कले यसै साता इजरायली रक्षामन्त्री योआभ ग्यालेन्टसँग तेल अभिभमा वार्ता गर्नुभएको थियो भने हमासका प्रमुख इस्माइल हनियेहसहित अन्य मध्यस्थकर्तासँग कायरोभा कुराकानी गर्नुभएको थियो ।

हमास स्रोतका अनुसार नयाँ योजनामा छ हप्ताका लागि द्वन्द्व स्थगन गर्ने र हमासले बन्धक बनाएका ३५ देखि ४० जनाको बदलामा २०० देखि ३०० प्यालेस्टिनी कैदीलाई रिहा गर्ने प्रस्ताव गरिएको छ ।

बार्निया र सीआईएका उहाँका अमेरिकी समकक्षीले गत नोभेम्बरमा एक साता लामो युद्धविराम वार्तामा सहयोग गरेका थिए, जसमा इजरायली जेलमा रहेका २४० प्यालेस्टिनी कैदीको बदलामा ८० जना इजरायली बन्धकलाई रिहा गरिएको थियो ।

यसअघि, अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता किर्बीले पत्रकारहरूसँगको भेटमा अहिलेसम्मको छलफल 'राम्रो चलिरहेको' बताउनुभएको थियो भने इजरायली युद्ध क्याबिनेट सदस्य बेनी गान्ट्जले 'प्रगतिको सम्भावनालाई प्रकट गर्ने पहिलो सङ्केत' बताउनुभएको थियो ।

## पूर्वी चीनमा आगलागीबाट कम्तीमा १५ जनाको मृत्यु

नानजिङ (चीन), १२ फागुन ( एएफपी) । पूर्वी चीनको जियाङ्सु प्रान्तको राजधानी नानजिङमा भवनमा आगलागी हुँदा १५ जनाको मृत्यु भएको स्थानीय सरकारले शनिबार बिहान जनाएको छ ।

उक्त घटनामा कम्तीमा ४४ जना घाइते भएका बताइएको छ । उनीहरूलाई उपचारका लागि स्थानीय अस्पतालहरूमा भर्ना गरिएको छ ।

स्थानीय दमकल विभागलाई युहुताई जिल्लाको एक आवासीय भवनमा आगलागी भएको सूचनापछि घटनास्थलमा पुगेका अग्नि नियन्त्रकहरूले आगलागीलाई करीब दुई घण्टामा नियन्त्रणमा लिएको जनाएका छन् ।

प्रारम्भिक अनुसन्धानमा उक्त भवनको पहिलो तल्लामा आगलागी भएको र उक्त स्थानमा विद्युतीय साइकलहरू राखिएको पाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## हार्दिक समवेदना



जन्म
१९९७/०१/०१

निधन
२०८०/११/१०

**बद्रिभक्त धौबन्जार**

यस समिति तथा समूहका सदस्यहरू जनक धौबन्जार, महेन्द्र धौबन्जार, विरेन्द्र धौबन्जार तथा विनोद धौबन्जारका पूजनीय पिता **बद्रिभक्त धौबन्जार**को दु:खद निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं

**नेपाल मजदुर किसान पार्टी**

मध्यपुर थिमि ९, निकोसेरा एकाइ समिति

**निकोसेरा सहयोगी बचत समूह**

## विश्व सङ्क्षेप

### युक्रेन र डेनमार्कद्वारा सुरक्षा सहयोग र दीर्घकालीन समर्थनका लागि सम्झौतामा हस्ताक्षर

कीएभ, १२ फागुन (सिन्ह्वा) । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्की र डेनमार्कका प्रधानमन्त्री मेटे फ्रेडरिक्सनले शुक्रबार दुई देशबीच सुरक्षा सहयोगसम्बन्धी दश वर्षे सम्झौतामा हस्ताक्षर गरेका छन् ।

युक्रेनको पश्चिमी शहर लिभिभमा हस्ताक्षर गरिएको सम्झौताअन्तर्गत डेनमार्कले युक्रेनलाई सन् २०२३/०२८ सम्म ८.५ अर्ब यूरो (झण्डै ९.२ अर्ब अमेरिकी डलर) को सैन्य र नागरिक सहायता प्रदान गर्नेछ ।

सम्झौताअनुसार सन् २०२४ मा १.८ अर्ब यूरो ( झण्डै १.९५ अर्ब डलर) को सैन्य सहयोग प्रदान हुनेछ । डेनमार्कले खासगरी युक्रेनको सैन्य क्षमता, समुद्री सुरक्षा, डिमाइनिङ र ड्रोन प्रविधि र रक्षा औद्योगिक आधार विकासलगायतको हवाई रक्षा निर्माण सुदृढीकरण गर्ने प्रयासलाई सहयोग गर्नेछ ।

### अष्ट्रियाका पूर्वचान्सलर कुर्जलाई आठ महिनाको जेल सजाय

भियना, १२ फागुन (सिन्ह्वा) । अष्ट्रियाका पूर्व चान्सलर सेबास्टियन कुर्जलाई झूटो बयान दिएको अभियोगमा भियना क्षेत्रीय अदालतले शुक्रबार दोषी ठहर गर्दै आठ महिनाका जेल सजाय सुनाएको छ ।

कुर्जले अस्ट्रियाको संसद्को छानबिन समितिसमक्ष झुटो बयान दिएको अदालतले फैसलामा उल्लेख गरेको अस्ट्रियाली समाचार संस्था एपीएले जनाएको छ । उहाँले सरकारी स्वामित्व रहेको कम्पनी ओईबीएजीको सल्लाहकार समितिको नियुक्तिमा संसदीय अनुसन्धानको क्रममा स्वीकार गरेभन्दा बढी प्रभाव पारेको प्रमाणले देखाएको छ । सैँतीस वर्षीय सन् २०१७ देखि २०१९ सम्म र २०२० देखि २०२१ सम्म अष्ट्रियाको चान्सलरको रूपमा काम गर्नुभएको थियो । भ्रष्टाचारको आरोप लागेपछि सन् २०२१ को अक्टोबरमा उहाँले चान्सलर पदबाट राजीनामा दिनुभएको थियो । सन् २०२१ को डिसेम्बरमा उहाँले राजनीतिबाट टाढा हुने घोषणा गर्नुभएको थियो ।

### पाकिस्तानलाई स्वच्छ ऊर्जा रूपान्तरणको अवसर लिन विज्ञहरूको सुझाव

इस्लामावाद, १२ फागुन (सिन्ह्वा) । पाकिस्तानलाई कार्बनरहित पर्यावरण-मैत्री इन्धनको प्रवृत्तिको बीचमा, स्वच्छ ऊर्जा रूपान्तरण हासिल गर्ने अवसरको उच्च सदुपयोग गर्ने सुझाव विज्ञहरूले शुक्रबार दिएका छन् ।

दीगो विकास नीति संस्थानका कार्यकारी निर्देशक आबिद कयुम सुलेरीले हरित हाइड्रोजन विकास क्षमता हासिल गर्न चीन-पाकिस्तान आर्थिक कोरिडोर (सीपीइसी) ढाँचाअन्तर्गत पाकिस्तानी र चिनियाँ कम्पनीहरूबीच लगानी र संयुक्त उद्यमका अवसरहरू खोज्न विशेषज्ञ, अनुसन्धानकर्ता र विद्यार्थीहरूलाई आग्रह गर्नुभएको हो । राष्ट्रिय ऊर्जा दक्षता तथा संरक्षण समितिका प्रबन्ध निर्देशक सरदार मोहज्जमले बढ्दो जलवायु परिवर्तन, बढ्दो जनसङ्ख्या र ऊर्जाको मागमा ऊर्जाको अपरिहार्य स्रोत भएकाले हाइड्रोजन उत्पादन निर्विकल्प भएको बताउनुभएको छ । सकारात्मक परिवर्तन हासिल गर्न, नीतिगत पहलहरूलाई हाइड्रोजन उत्पादनको अवधारणासँग मिलाउनु आवश्यक रहेकाले यसका लागि दृष्टि, नीति, कोष र नियमहरूको स्पष्टता चाहिने उहाँले उल्लेख गर्नुभयो ।

## हार्दिक समवेदना



जन्म
२०२१/०२/१५

निधन
२०८०/११/१०

**कान्छी न्हेम्हाफूकी**

नेपाल मजदुर किसान पार्टी सूर्यविनायक नगर समिति ७ नं.वडा एकाइ समितिका सदस्य कृष्णलाल न्हेमाफूकीको जीवन सङ्गिनी **कान्छी न्हेम्हाफूकी**को असामयिक निधन भएकोले मृतक आत्माको चिरशान्तिको कामना एवं भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं ।

**नेपाल मजदुर किसान पार्टी**
**नेपाल क्रान्तिकारी किसान सङ्घ**
**नेपाल क्रान्तिकारी महिला सङ्घ**
**नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ**
**नेपाल क्रान्तिकारी युवा सङ्घ**

सूर्यविनायक नगर एकाइ समिति
सूनपा -७, किवाचोक, भक्तपुर


# तुमचो, दुगुरे र चोखा आवास क्षेत्रमा ठेगाना प्रणालीबारे जानकारी


✍ युरीका राजवंशी

भक्तपुर एउटा प्राचीन एवं ऐतिहासिक नगर हो। यहाँको कला, संस्कृति र जीवनशैलीले भक्तपुरलाई विश्वस्तरको एक आकर्षक पर्यटकीय केन्द्र बनाएको छ। सहरको भौगोलिक स्थिति, आधुनिक पूर्वाधार र जीवन्त राजनीतिक, आर्थिक तथा सामाजिक संरचनाहरूले यसलाई एक आदर्श सहर बनाएको छ।

भक्तपुर नगरलाई प्राचीन नगर क्षेत्र र नयाँ विकसित बस्ती क्षेत्रमा विभाजित गरिएको छ। प्राचीन नगर क्षेत्र आफैँमा व्यवस्थित छ। चौडा मूल सडक, सहायक बाटाहरू, गल्ली तथा चोकहरू, खुला क्षेत्र, पोखरी तथा ढुङ्गेधाराहरू, पाटी, सत्तल, मन्दिर र सांस्कृतिक डबलीहरूको व्यवस्थापन हेर्दा त्यतिबेला नै भक्तपुर सभ्य, सुसंस्कृत र वैज्ञानिक विधि अपनाएर निर्माण गरिएको बुझ्न सकिन्छ।

भक्तपुर नगरपालिका आफैँले पछिल्लो समयमा जनभावनाबमोजिम प्राचीन नगर क्षेत्रको चारैतिर व्यवस्थित बस्तीको विकास गर्न थालेको छ। आधुनिक जीवनशैलीअनुसार ढलनिकाससहितको बाटो, पेटी, चोक, खुला क्षेत्र, हरियाली व्यवस्थापनलगायत योजनासहित बस्ती विस्तार गरिएबाट नगरवासीहरूलाई सहज बनेको छ। ती ठाउँहरूमा शैक्षिक संस्था, स्वास्थ्य उपचार केन्द्र, मनोरञ्जन स्थलहरू पनि निर्माण गरिएका छन्।




भक्तपुरमा घर, सडकमार्ग तथा उद्योगको व्यवस्थित विकास गर्न योजनाअनुसार कार्य गरिएको छ। यसको परिणामस्वरूप सहर आकर्षक, सुरक्षित र उपयोगी बनेको छ। यो उत्कृष्ट नक्सा प्रणाली र विकास योजनाबाट अभिन्न छ। भक्तपुरमा नक्सा प्रणालीले सजीवता, प्राकृतिक सौन्दर्य र सांस्कृतिक समृद्धिजस्ता विभिन्न पहलुहरूलाई एकीकृतरूपमा समाहित गरिएको छ।

सडकको नामकरण सहरी विकासको एक महत्त्वपूर्ण र प्रभावशाली पक्ष हो, जसमा ऐतिहासिक संरक्षण, सांस्कृतिक प्रतिनिधित्व र व्यवहारिक विचार समावेश गरिन्छ। सडक नामकरणले स्थानीय पहिचान, ऐतिहासिकता र स्थानीय समुदायको अपनत्वको बलियो भावनालाई उद्वेलित गर्छ। यसले आगामी पुस्ताका लागि मार्गनिर्देश पनि गर्छ। सडक नामले प्राय: प्रतीकात्मक महत्त्व बोक्छ, मान, आदर्श वा स्थानीय स्थलचिह्नहरू प्रतिनिधित्व गर्दछ। यो प्रतीकवादले एक अद्वितीय स्थानीय पहिचानमा योगदान पुऱ्याउँछ र त्यहाँका बासिन्दाहरूमा गर्वको भावना जगाउँछ।

तुमचो, दुगुरे र चोखा आवास क्षेत्र भक्तपुरको उत्तरपूर्वी भागमा अवस्थित छ। भक्तपुर नगरपालिकाले आफ्नै लगानी र जनताको सहभागितामा सम्पन्न गरेको तुमचो-दुगुरे-चोखा जग्गा एकीकरण आयोजना हो। यसले लगभग २७.४८ हेक्टर जमिनलाई आवासीय भूखण्डहरू समेट्छ। आयोजना २०६० सालमा सुरु भएको थियो। पूर्वमा गोंसपुल र चोकन्तिला पुल, दक्षिणमा च्यामासिंह-ब्रह्मायणी-गोंसपुल सडक, उत्तरमा कमलविनायक आवास क्षेत्र र पश्चिममा च्यामासिंह-कमलविनायक-पसिखेल सडकले तुमचो-दुगुरे-चोखा आवास क्षेत्र घेरिएको छ। यस आवास क्षेत्र समानुपातिक विकासको अवधारणामा बनेको हो। ठाउँअनुसार बाटो चौडा र फराकिलो बनाएको छ। विकासको पहिलो सूचक बाटो भएको हुनाले यस आवास क्षेत्रमा हरेक घरमा बाटोको पहुँच पुऱ्याएको छ।

पछिल्लो तथ्याङ्कअनुसार यस आवास क्षेत्रमा ६ सयभन्दा बढी पक्की घरहरू तथा सयौँ टहराहरू निर्माण भई मान्छेको बसोबास बाक्लिन थालेको छ। मालपोत नापी कार्यालय, जिल्ला अदालतलगायतका सरकारी कार्यालयहरू यसै क्षेत्रमा छन्। वागीश्वरी मावि र कलेज, ख्वप अस्पतालजस्ता महत्त्वपूर्ण संरचनाहरू पनि यसै क्षेत्रमा छन्। सबै सडक पक्की भइसकेका छन्।









स्थानीयमात्र नभई विभिन्न जिल्लाका बासिन्दाहरूसमेत विभिन्न उद्देश्यले यहाँ बसोबास गर्छन्। शैक्षिक संस्था, अस्पताल र सरकारी कार्यालयहरूको उपस्थितिले देशैभरिका जनताको आवतजावत पनि बढ्न थालेको छ। यस्तो परिस्थितिमा जोसुकैलाई आफ्नो गन्तव्यबारे पूरा जानकारी राख्न र कुनै अलमलबिना नै त्यस ठाउँमा पुग्न सजिलो होस् भन्ने उद्देश्यले भक्तपुर नगरपालिकाको नमुना परियोजनाको रूपमा यस क्षेत्रमा ठेगाना प्रणाली सञ्चालन गरिएको हो। ख्वप इन्जिनियरिङ कलेजको प्राविधिक टोलीले यो प्रणालीको डिजाइन तथा सम्पूर्ण व्यवस्थापन गरेको हो भने स्थानीय जनताको उपभोक्ता समितिमार्फत यो प्रणाली कार्यान्वयनमा ल्याइएको हो। आर्थिक लगानी भने भक्तपुर नगरपालिकाको रहेको छ।

ठेगाना प्रणालीले मानिसहरूलाई जग्गाको प्लट तथा घरको लोकेसन पत्ता लगाउन सक्षम बनाउँछ अर्थात् सडक र भवनहरूको सङ्ख्या देखाउने नक्सा र सडक चिह्नहरूको प्रणालीद्वारा यसको ठेगाना परिभाषित गराउँछ। सरल, लचिलो र बुझिने ठेगाना प्रणालीको आवश्यकता महसुस गरिएकोले मेट्रिक ठेगाना प्रणालीलाई यस आवास क्षेत्रमा लागु गरिएको छ।

**ठेगाना प्रणालीका केही लाभहरू :**

**नेभिगेसन :** यसले स्थानीय र भ्रमणकर्तालाई सहरमा आफ्नो सडक खोज्न र पत्ता लगाउन सहज बनाउँछ, किनकि तिनीहरूले नक्सा, जीपीएस यन्त्रहरूमा सडकको नामलाई सन्दर्भ बनाउन सक्छन्।


**कुशल आपत्कालीन प्रतिक्रिया :** सडकका नामले एम्बुलेन्स, पुलिस र वारुणयन्त्र जस्ता आपत्कालीन सेवाहरूलाई शीघ्र विशेष स्थानहरूमा पुग्न मद्दत गर्छ, जसले जीवन र सम्पत्तिको क्षति हुनबाट बचाउन सहयोग गर्छ।

**व्यापार र वाणिज्य :** नामाङ्कित सडकले कार्यालय र वाणिज्य संस्थाहरूका लागि पहिचान गर्न सहयोग गर्छन्। यसले व्यापार गतिविधिहरूलाई बढाउँदै, व्यापार गर्ने सरलतालाई बढाउँछ र ग्राहकहरूको आकर्षण गर्दछ।

**सहरी योजना र विकास :** सडकको नामकरण सहरी योजना र विकासको लागि अत्यन्त आवश्यक छ। यसले नगरपालिका र सरोकारवाला संस्थाहरूलाई जनताका आधारभूत आवश्यकता पूर्ति गर्ने थुप्रै योजनाहरू सञ्चालन गर्न तथा आवश्यक स्रोतको व्यवस्थापन गर्न मद्दत गर्दछ।

**नागरिक पहिचान र ऐतिहासिक धरोहर :** सडक तथा चोकको नामले त्यस स्थानको सांस्कृतिक, इतिहास र पहिचानलाई दर्शाउँछ। नेपालमा सडकको नामले थुप्रै प्रसिद्ध स्थलहरू वा सांस्कृतिक प्रतिचिह्नहरूलाई सङ्केत गर्दछ, जसले समुदायको गर्व बढाउँछ र ऐतिहासिक धरोहरलाई संरक्षण गर्दछ।

**पर्यटन र आतिथ्य :** पर्यटन र आतिथ्य उद्यम प्रवर्द्धनका लागि नामाङ्कित सडक तथा चोकहरू महत्त्वपूर्ण हुन्छन्। पर्यटकीय आकर्षण केन्द्रहरू, होटल, रेस्टुरेन्ट र अन्य रूचि स्थलहरूलाई परिचित र दिशाबोध गर्न सजिलो भएको छ। विदेशका विभिन्न पर्यटकीय गन्तव्यस्थलहरू तथा देशभित्रकै पोखरालगायतका सहरहरूमा ठेगाना प्रणालीले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई सहज बनाएको पाइन्छ।





**तुमचो दुगुरेमा ठेगाना प्रणाली कार्यान्वयन गर्दा :**

भक्तपुर नगरपालिका वडा नं. ९ अन्तर्गत तुमचो-दुगुरे-चोखा आवास क्षेत्रको चारकिल्ला र त्यस क्षेत्रको रेखाचित्र तयारीसँगै अन्य आवश्यक योजना तयारीमा वडाध्यक्ष रवीन्द्र ज्याख्व र अन्य जनप्रतिनिधिहरूको राय सल्लाह लिइयो। वडा कार्यालयबाट केही महत्त्वपूर्ण दस्ताबेजहरू प्राप्त गरियो। आवास क्षेत्रमा पुर्खौँदेखि राखिएका क्षेत्रगत विशेषतासहितका नामकरण पनि थिए। ती ऐतिहासिक नामहरूलाई जस्ताको तस्तै राख्ने काम गरियो। त्यस क्रममा स्थानीय अग्रज तथा विज्ञ स्थानीयहरूसँग पटकपटक छलफल गरी चोक, सडक तथा क्षेत्र निर्धारण र नामकरण गरियो। तुमचो दुगुरे चोखा क्षेत्र आफैँमा इतिहास बोकेको क्षेत्र हो। तसर्थ, स्थानविशेषको ऐतिहासिकतालाई जीवन्त राख्ने कार्यलाई पहिलो प्राथमिकतामा राखियो। जस्तै : 'चोखा', 'चोखामरु', 'दुगुरे', 'तुमचो', 'बनसी', 'बाकंतिला', 'गौंस', 'भाने', 'बेची ब्वङ', 'वाँचु हिटी' आदि नाममा स्थानीयहरूले सहमति जनाए।

आवास क्षेत्रको पूरा क्षेत्रफललाई सुरुमा पाँचवटा क्षेत्रमा विभाजन गरियो। तुमचो क्षेत्र, दुगुरे क्षेत्र, चोखा क्षेत्र, चोखामरु क्षेत्र र भाने क्षेत्र। प्रत्येक क्षेत्रमा एउटा सडकलाई मूल सडकको रूपमा मानी त्यसको आधारमा दायाँतर्फ जोडा नम्बर र बायाँतर्फ बिजोडा नम्बर दिएर सडकहरूको नामकरण गरियो। जस्तै: तुमचो क्षेत्रमा तुमचो सडक नं. १, तुमचो सडक नं. २ आदि।






घरहरूको नम्बरिङ गर्ने कार्य मेट्रिक प्रणालीअनुसार गरियो। प्रत्येक चोकको मध्यबिन्दुलाई शून्य बिन्दु मानेर घडी घुम्ने दिशातर्फ घरको मूलढोकासम्मको दुरी नापेर घरको नम्बरिङ गरियो। यसक्रममा प्रवेश मार्ग र शून्य बिन्दुदेखिको दुरी सर्वेक्षण गर्ने काम वागीश्वरी कलेजका विद्यार्थीहरूले सम्पन्न गरे। मेट्रिक प्रणालीमा सङ्ख्याको क्रमबद्धता गरिएको थियो।

घरको प्रवेशद्वार (मूल ढोका) लाई सडकको चौबाटो 'शून्य बिन्दु' बाटोको उन्नति क्रमअनुसार क्रमाङ्कित गरियो।

**उदाहरणको लागि,**


शून्य बिन्दुबाट ६ मिटर टाढाको घरलाई घर नं. ६ दिइयो। घरसङ्ख्या वास्तविक गर्ने सम्बन्धमा विशेष ध्यान दिइएको थियो। अहिले जग्गा रहेको र पछि घर बन्ने निश्चित भएका कित्ताहरूमा समेत घर नम्बरिङमा समस्या नहोस् भनेर पनि मेट्रिक प्रणाली लागू गरिएको हो। बाटोको बायाँतिरका घरहरूको सन्दर्भमा बेजोड नम्बर र दायाँतिरका घरहरूलाई जोड नम्बरको व्यवस्था गरियो।

चोक, सडक र घरको नाम तथा नम्बरअङ्कित बोर्डको आकार, प्रकार र रङ्गमा समेत एकरूपता ल्याउने काम गरियो। प्रमुख चोकहरूमा आवास क्षेत्रको सम्पूर्ण बाटोहरूको रेखाङ्कनसहितको नक्सा बोर्ड पनि राखियो।

**ठेगाना प्रणालीको उपयोगिता :**

यस क्षेत्रमा ठेगाना प्रणालीसम्बन्धी गरिएका सबै कार्यहरूको विस्तृत अभिलेखीकरण गरिएको छ। सर्वसाधारण जनताले समेत दीर्घकालसम्म यसको सहज ढङ्गले उपयोग गर्न सकियोस् भनेर गृहकार्य भइरहेको छ। यस क्षेत्रका प्रत्येक सडक, चोक र घर, भवन, व्यवसायहरूको गुगल म्यापिङ कार्य भइरहेको छ। इन्टरनेटको सुविधा नहुँदा समेत सबैले आफ्नो मोबाइलमार्फत लोकेसन थाहा पाउन सकिने बन्दोबस्त हुँदै छ।

अन्त्यमा, भक्तपुर नगरपालिकाको हकमा ठेगाना प्रणाली कार्यान्वयन गरिएको यो पहिलो प्रयास हो। त्यसैले केही कमीकमजोरी अवश्य होला भन्ने लाग्छ। यो प्रणाली लागू गर्दै गर्दा पनि स्थानीयहरूको सुझावमा सुधारहरू गरिएका छन्। यसलाई थप व्यवस्थित गर्न अझै थुप्रै सुझावहरू आउने अपेक्षा छ। यसलाई आधार मानेर लिबाली आवास क्षेत्रमा पनि ठेगाना प्रणाली लागू गर्ने प्रयास हुँदै छ। विभिन्न ठाउँमा यो प्रणाली लागू गर्दै गर्दाका सुझाव र अनुभवका आधारमा थप परिमार्जन गर्दै भक्तपुरको पुरानो बस्तीमा पनि यो प्रणाली लागू गर्न सकिने वा नसकिने अध्ययन गर्ने प्रयत्न हुन्छ।




यो प्रणालीको डिजाइनदेखि तयारी, रेखाङ्कन र अभिलेखीकरण कार्यमा नगरपालिकाबाट सञ्चालित ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङले ठूलो भूमिका खेलेको छ। त्यस्तै, भक्तपुर नगरपालिका, ९ नं. वडा कार्यालय र स्थानीय अग्रज व्यक्तित्वहरूको योगदान पनि उत्तिकै छ। सबैप्रति कृतज्ञता व्यक्त गर्दछु।

*(लेखक ख्वप इन्जिनियरिङ कलेज र ख्वप कलेज अफ इन्जिनियरिङका प्राविधिक हुनुहुन्छ।)*

***महाकाली...***

राजधानीका सडकहरू तातिएका थिए ।

**पञ्चेश्वर बहुउद्देश्यीय परियोजनामा ललिपप :**

एकीकृत महाकाली सन्धिको एउटा महत्त्वपूर्ण पक्ष प्रस्तावित पञ्चेश्वर बहुउद्देश्यीय परियोजनालाई बनाइएको थियो । पञ्चेश्वरलाई दुई देशबिच न्याय



**महाली सन्धिमा हस्ताक्षर गर्दै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री पीभी नरसिंह राव २०५२ माघ २९, नयाँ दिल्ली ।**

र समानताको आधारमा देशहितमा गरिएको दाबी गर्दै टनकपुर र शारदामा भएको देशघातलाई पखालिने बताइएको थियो । भारतीय सरकार हिजो पनि पञ्चेश्वर बनाउने पक्षमा थिएन र अहिले पनि नभएको घटनाक्रमले पुष्टि गरिसकेकै छ । अहिलेसम्म डीपीआर रिपोर्ट तयार नहुनुले भारतीय स्वार्थ छर्लङ्गै पारेको छ । महाकाली नदीमाथिको नेपालको अधिकार पूर्णतः छिनिएको छ र भारतले नदीको पानी र बिजुलीमाथि एकाधिकार कायम गरेको छ ।

पञ्चेश्वर बहुउद्देश्यीय परियोजनाअन्तर्गत पञ्चेश्वरमा ३१५ मिटर अग्लो बाँध बनाएर वर्षाको पानी रोक्ने, रूपालगढ र पञ्चेश्वरमा विद्युत् उत्पादन गर्ने, महाकालीमा बाढी नियन्त्रण गर्ने र दुवै देशको भूमिमा सिँचाइ गरी कृषि उत्पादकत्व वृद्धि गर्ने लक्ष्य राखिएको थियो । विद्युत् उत्पादनबाट ७५ प्रतिशत, सिँचाइबाट २४.६ प्रतिशत र बाढी नियन्त्रणबाट ०.४ प्रतिशत लाभ लिने र दुवै देशले वार्षिकरूपमा ८३ करोड ५० लाख ३५ हजार अमेरिकी डलर लाभ प्राप्त गर्ने सपना देखाइएको थियो । लाभको अनुपातमा दुवै देशले पञ्चेश्वर परियोजनाको लागि लगानी गर्ने पनि उल्लेख थियो ।

यही हो, शासक दलहरूले नेपाली जनतालाई त्यतिबेला छारो हालेको । तिनीहरूले महाकाली सन्धिको कारण नेपालले हरेक वर्ष ३१ करोड ५० लाख अमेरिकी डलर आम्दानी गर्ने भ्रूटा प्रचार गरिरहे । नेपाली जनताले पनि डलरमा आम्दानी गर्ने भए, पानी र बिजुली बेचेर नेपाल धनी बन्ने भयो । यस्तै यस्तै सपना देखाएका थिए शासक दलका नेताहरूले हाम्रा गाउँघरमा । सन्धिपछि नेपालले ४४ हजार हेक्टर भूमि सिञ्चित गर्ने र भारतले ३८ लाख हेक्टर जग्गामा सिँचाइ सुविधा प्राप्त गर्ने पनि उल्लेख थियो । तर, लाभका आधारमा दुवै देशले पञ्चेश्वर परियोजनामा लगानी गर्नुपर्ने कुरा भने ज्यादै मधुरो स्वरमा बोलिएको थियो ।

| विवरण | नेपालले पाउने वार्षिक लाभको अंश (अमेरिकी डलर) | भारतले पाउने वार्षिक लाभको अंश (अमेरिकी डलर) | कुल वार्षिक लाभ ( प्रतिशत) |
|---|---|---|---|
| विद्युत्बाट लाभ | ३१ करोड ३० लाख ४० हजार (३७.५ प्रतिशत) | ३१ करोड ३० लाख ४० हजार (३७.५ प्रतिशत) | ७५ प्रतिशत |
| सिंचाइबाट लाभ | १० लाख ५० हजार (०.२ प्रतिशत) | २० करोड ३० लाख ४० हजार (२४.४ प्रतिशत) | २४.६ प्रतिशत |
| बाढी नियन्त्रणबाट लाभ | ७० हजार (०.०४ प्रतिशत) | ३० लाख (०.३६ प्रतिशत) | ०.४ प्रतिशत |
| वार्षिक कुल लाभ | ३१ करोड ५० लाख ६० हजार डलर (३७.७७ प्रतिशत) | ५१ करोड ९० लाख ८० हजार डलर (६२.२३ प्रतिशत) | १०० प्रतिशत |


त्यतिबेला नेपाल सरकारसँग पञ्चेश्वर परियोजनाका लागि १ अर्ब ९ करोड अमेरिकी डलर रकम लगानी गर्ने क्षमता पनि थिएन, लगानीको स्रोत जुटाउने जुक्ति पनि थिएन सायद । त्यसैले त योजना अघि बढेन । भारतीय सरकारले त यो योजना अघि सार्ने सोच पनि बनाएको थिएन । नेपालको पानी र बिजुली कब्जा गर्नेबाहेक उसको अर्को विचार पनि छैन । त्यसैले पञ्चेश्वर रोकियो, तर पानी भने निरन्तर भारततिर बगिरह्यो ।

समय धेरै परिवर्तन भइसकेको छ । नेपाली जनता हिजोको तुलनामा धेरै सचेत भएका छन् । देशघाती महाकाली सन्धिको अङ्ग्रेजी, हिन्दी र नेपाली भाषा तीनै प्रतिमा दुवै सरकार प्रमुखले हस्ताक्षर गरेको प्रति सहजै अध्ययन गर्न सकिने अवस्था छ । शारदा बाँध, टनकपुर बाँध र प्रस्तावित पञ्चेश्वर बाँधको निर्माणस्थलसम्म पुग्ने बाटोको सहज सुविधा बनेको छ । तथापि भारतीय विस्तारवादी सरकारको नेपालका प्राकृतिक स्रोतहरूमाथि नियन्त्रण गर्ने र नेपाली शासक दलहरूको भारतीय विस्तारवादसामु नतमस्तक हुने प्रवृत्तिमा कुनै परिवर्तन आएको छैन । सङ्घर्षशील युवाहरूलाई स्वदेशमै रोजगारी दिइएमा शासक दलहरूको विरुद्ध आवाज उठाउलान् भन्ने डरले रोजगार र अध्ययनको नाममा विदेशी भूमिमा कर्मशील युवा बेचबिखन कार्यमा सक्रिय छन् । यो विडम्बनापूर्ण स्थितिको अन्त्य नभएसम्म देशको सार्वभौमसत्ता रक्षा गर्न र विकासमा काँचुली फेर्न कठिन छ, तर असम्भव छैन ।

***२०८०/११/११ गते***

दुवै देशलाई लगानीको बाँडफाट :

| विवरण | नेपालले गर्नुपर्ने लगानी (अमेरिकी डलर) | भारतले गर्नुपर्ने लगानी ( अमेरिकी डलर) | जम्मा लगानी प्रतिशत |
|---|---|---|---|
| विद्युत् उत्पादनका लागि | ८४ करोड ८० लाख ४० हजार (२८.४ प्रतिशत) | ९२ करोड ७० हजार (३१.१० प्रतिशत) | ५९.५० प्रतिशत |
| सिंचाइ तथा बाढी नियन्त्रणका लागि | २४ करोड ६० लाख ६० हजार (८.३० प्रतिशत) | ९६ करोड ४० हजार (३२.२० प्रतिशत) | ४०.५० प्रतिशत |
| कुल लगानी अंश | १ अर्ब ९ करोड ५० लाख डलर (३६.७ प्रतिशत) | १ अर्ब ८८ करोड ८० लाख १० हजार (६३.३ प्रतिशत) | १०० प्रतिशत |




'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति'

# भक्तपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ब्यासी २, भक्तपुर

## दादुरा रुबेला खोप अभियान २०८०/८१ बारे भक्तपुर नगरपालिकाको सूचना

भक्तपुर नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयहरूमा अध्ययनरत तथा विद्यालय बाहिर रहेका समेत ९ महिनादेखि १५ वर्षभित्रका बालबालिकाहरूको लागि नेपाल सरकारले यही मिति २०८० साल फागुन १३ गतेदेखि दादुरा रुबेला खोप अभियान सञ्चालन गर्ने भएकोले आफ्ना बालबालिकालाई आफ्नो वडामा सञ्चालन हुने खोप केन्द्र (विद्यालय) मा खोप लगाउनुहुन अनुरोध गर्दछ ।

**खोप सञ्चालन हुने समय : बिहान १० बजेदेखि ४ बजेसम्म**

| खोप केन्द्र रहने विद्यालय | वडा नं. | मिति |
|---|---|---|
| १. गणेश मावि<br>- सनसाइन<br>२. मोर्डन इ. स्कूल<br>३. सूर्यविनायक इङ्गलिस स्कूल<br>- सन्तति, निकल्सन<br>४. अक्सफोर्ड इङ्गलिस स्कूल | १ | २०८० फागुन १३ |
| १. हिमालयन ग्लोरी<br>- ज्ञानविजय स्कूल, हिमालयन एकेडेमी<br>प्रत्युसा मन्टेश्वरी स्कूल<br>२. जेसिस से. स्कूल<br>- सीबीआर,जागृति,सामुदायिक शिशुस्याहार<br>३.शारदा मावि<br>-होलि गार्डेन स्कूल<br>४. बासु स्कूल<br>५. एभरेष्ट स्कूल | २ | २०८० फागुन १४ |
| १. श्री पद्म मावि<br>- बालमन्दिर<br>२. मेधा मावि<br>- उदय आ.वि, ज्ञानतारा इ.स्कूल<br>३. राजश्री गुरुकुल<br>४. ग्लिटर फ्युचर<br>- श्री शारदा, सुस्त मनस्थिति<br>५. शान्ति निकेतन स्कूल | ३ | २०८० फागुन १५ |

| खोप केन्द्र रहने विद्यालय | वडा नं. | मिति |
|---|---|---|
| १. तारा मावि स्कूल<br>- शिशुस्याहार, जनसेवा आ.वि.<br>२. ब्राइट स्टार इ. स्कूल<br>३. मिनर्वा इ. स्कूल<br>४. डेमोस स्कूल<br>५. लनर्स एकेडेमी स्कूल<br>६. साइनिङ स्टुडेन्ट्स स्कूल<br>७. सेकरिड हर्ट एकेडेमी स्कूल | ४ | २०८० फागुन १६ |
| १. श्री आदर्श आजाद स्कूल<br>- देउला आधारभूत, भारती आधारभूत<br>२. विद्यार्थी निकेतन स्कूल<br>बरदायणी आधारभूत<br>३. विद्या आर्जन स्कूल<br>४. प्रोक्सिमा इ. एकेडेमी स्कूल<br>५. चण्डेश्वरी आ.वि.<br>- वाइजल्यान्ड, इमेज स्कूल<br>६. नविन स्कूल<br>- बालसेवक, शिशुस्याहार | ५ र ७ | २०८० फागुन १७ |
| १. प्रभात मावि<br>-शिशुस्याहार भोलाछें<br>२. गोल्डेन गेट स्कूल<br>३. द राइजिङ स्कूल | ६ | २०८० फागुन १८ |
| - श्री प्रावि<br>१. सैनिक आवाससीय महाविद्यालय - | शनिबार | २०८० फागुन १९ |

| खोप केन्द्र रहने विद्यालय | वडा नं. | मिति |
|---|---|---|
| १. सूर्योदय मावि स्कूल<br>- शिशुस्याहार खँचा, मुनिबिहार स्कूल<br>२. महेन्द्र विद्याआश्रम स्कूल<br>३. लिटल वर्ल्ड स्कूल | ७ | २०८० फागुन २० |
| १. समाज सुधार मावि स्कूल<br>- महेन्द्र आ.वि., समाज सेवा इन्स्टिच्युट, भीमआदर्श स्कूल<br>२. बाल विकास स्कूल<br>- सिद्धि शारदा, ब्रम्हायणी, मनिङ ग्लोरी स्कूल<br>३. लिशा से. स्कूल<br>- ब्रह्मायणी आ.वि.स्कूल<br>४. ख्वप्रिङ इ. एकेडेमी स्कूल<br>- शिशुस्याहार लिबाली<br>५. प्रवेश एकेडेमी स्कूल<br>६. विद्याविकास स्कूल | ८ | २०८० फागुन २१ |
| १. वागीश्वरी मावि स्कूल<br>२. सरस्वती मावि स्कूल<br>- दत्तात्रय मावि, अमरज्योति मन्टेश्वरी स्कूल<br>३. क्रियटिभ इ. स्कूल<br>- हंसबाहिनी स्कूल | ९ | २०८० फागुन २२ |
| १. जेन्यूइन इ. स्कूल<br>- किन्डर केयर वर्ल्ड, हिमालय एकेडेमी स्कूल<br>२. मनकामना इ. स्कूल<br>- कमलविनायक किन्डर गार्डेन स्कूल<br>३. माउन्ट भ्याली स्कूल<br>४. न्यातपोल इ. स्कूल<br>- समता स्कूल<br>५. पारागन एकेडेमी<br>- ग्लोबल लाइफ, विज्डम इ. स्कूल<br>६. इस्ट प्वाइन्ट इ. स्कूल<br>७. भक्तपुर रोम्बस इ. स्कूल | १० | २०८० फागुन २३ |

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु★सम्पादक : विष्णुगोपाल कुसी★कार्यालय : कमलविनायक, भक्तपुर★फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७★E-mail: majdurdaily@gmail.com★मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा